# कक्षा नौ र दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन

इन्द्रादेवी पौडेल

एम.एड. दोस्रो वर्ष

परीक्षाक्रमाङ्क : २१४०२१८/२०६७

त्रि.वि. दर्ता नं. : ९-३-२१४-६९२-२००८

शैक्षिकवर्ष : २०६५/०६६

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा अन्तर्गत

स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८

पाठ्यांशको प्रयोजनका लागि

प्रस्तुतशोधपत्र

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा शिक्षण विभाग

कोसीहरैंचा, मोरङ

२०७३/२०१७

कक्षानौ र दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन इन्द्रा देवी पौडेल

२०७३

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय,शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहद्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत 'कक्षा नौ र दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन'शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनका लागि कहीँकतै पेसनगरेको र अनुसन्धानकार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्तगर्दछु ।

.................................

इन्द्रा देवी पौडेल

एम.एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षण विभाग

मिति : २०७३/११/०२

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय,शिक्षाशास्त्र सङ्काय अन्तर्गत भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत ‘कक्षानौं र दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन’ शीर्षकको शोधपत्र इन्द्रा देवी पौडेलले मेरो निर्देशनको मातहतमा रही मिहिनेतका साथ सिर्जनात्मक तथा नितान्त मौलिक रूपमा तयार पार्नुभएकाले यस शोधकार्य प्रति म सन्तुष्ट छु। अतः यस शोध कार्यलाई मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षण विभाग समक्ष सिफारिस गर्दछु।

.................................

उपप्राध्यापक प्रेमप्रसाद भट्टराई

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली शिक्षा शिक्षण विभाग

कोसीहरैचा, मोरङ

मिति : २०७३//

# कृतज्ञता

प्रस्तुत शोध पत्र झापाको गौराहद न.पा.का विद्यालयहरूमा‘ कक्षा नौं र दशको नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिको अध्ययन’शीर्षकमा मेरा आदरणीय गुरु श्री प्रेमप्रसाद भट्टराइ ज्यू को प्राज्ञिक निर्देशनमा मैले तयार गरेकी हुँ ।

यस शोधपत्रको शीर्षक चयन देखि शोधकार्य सम्पादन सम्मपाएको उहाँको समुचित मार्ग निर्देशन र सहयोगले गर्दा नै यस शोध पत्रले मूर्त रूप लिएको हो । आफ्नो महत्त्वपूर्ण समय प्रदान गरी शोधपत्रलाई परिष्कार र परिमार्जन गरिदिनु भएकोमा म उहाँ प्रति हार्दिकता पूर्वक कृतज्ञता ज्ञापन गर्दछु, साथै विभिन्न कोणबाट शोधपत्र लेखनमा सहयोग गर्नु हुने सुकुना बहुमुखी क्याम्पसका विभागीय प्रमुख श्री अमृत प्रसाद आचार्य ज्यू, श्री आदरणीय गुरुहरू मेघ नारायण श्रेष्ठ, दीपक गौतम, दीपक न्यौपाने, गेहेन्द्र खनाल लगायत यसै क्याम्पसका क्याम्पस प्रमुखश्री पीत कुमार श्रेष्ठ प्रति पनिहार्दिक आभार प्रकट गर्दछु ।

यसै गरी यस शोध कार्यका लागि तथ्याङ्क सङ्कलन गरी सहयोग पुऱ्याउनु हुने सम्बन्धित विद्यालयहरूक ाप्रधानाध्यापक, नेपाली विषय शिक्षकहरू तथा विद्यार्थी वर्ग प्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । यसैगरी शोध पत्र तयार पार्न पलपल घचघच्याइ रहने मेरा जीवन साथी ज्ञान नाथ निरौला तथा छोरीछोरा निलिमा निलम प्रतिम विशेष आभारी छु ।

यसैगरी शोधपत्रलाई शुद्ध रूपमा कम्प्युटर टङ्कन गरिदिनु हुने टिना कम्प्युटरका श्री यज्ञमणि निरौलालाई धन्यवाद दिँदै आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषा शिक्षा विभाग समक्ष पेस गरेकी छु ।

**प्रस्तुतकर्ता**

इन्द्रा देवी पौडेल

# शोधसार

झापा जिल्ला गौरादह नगरपालिकामा रहेका विद्यालयहरूमा“कक्षा-नौ र दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन”शीर्षकमा यो शोधपत्र तयार पारिएको हो । एम.एड. दोस्रो वर्षको ने.पा.शि. ५९८ को प्रयोजनार्थ तयार पारिएको यो शोध पत्र गौरादह न.पा.मा रहेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत(निजी) विद्यालयमा सीमित रहेको छ । यस शोधको उद्देश्य कक्षा शिक्षणका क्रममा शिक्षकद्वारा अवलम्वन गरिएका शिक्षण विधि पहिचान गर्नु, ती विधिको अध्ययन गरी प्रयोगका क्रममा देखिएका समस्या पत्ता लगाई समाधानका लागि सल्लाह सुझाव प्रस्तुत गर्नु रहेको छ ।

गौरादह नगरपालिका भित्र भिन्नभिन्न क्षेत्रमा रहेका सामुदायिक पाँच र संस्थागत पाँचवटा विद्यालयका नेपाली विषय शिक्षकबाट प्रश्नावली फारम भराई तथ्याङ्क लिई तथा सम्बन्धित शिक्षकहरूको कक्षा अवलोकनबाट प्राप्त नतिजालाई यस शोध पत्रमा प्रस्तुत गरिएको छ । यो शोधपत्र मूलत : क्षेत्रीय विधिमा आधारित रही तयार पारिएको भए पनि आवश्यकता नुसार पुस्तकालयी य विधिको पनि सहारा लिइएको छ । सम्बन्धित क्षेत्रको अध्ययन अवलोकन शोधकर्ता स्वयम्बाट भएको छ भने उक्त अवलोकन २०७३ वैशाखबाट शुरु गरी २०७३ मङ्सिर पहिलो हप्ता सम्ममा सकिएको छ ।

यस अध्ययनबाट तत् क्षेत्रमा नेपाली विषय शिक्षकद्वारा कक्षा नौ र दशमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरू र तीविधिको शिक्षणमा प्रयोगको अवस्था स्पष्ट भएको छ भने सम्बन्धित शिक्षकहरूद्वारा प्रयोग गरिएका विधिहरूको सान्दर्भिकता र उपादेयता माथि प्रश्न चिह्न पनि उठेको छ । खास गरी कक्षा नौ र दशमा कथा शिक्षणमा प्रयोग हुने व्याख्यान, छलफल/प्रश्नोत्तर, पठनबोध, अभिनय, प्रदर्शन जस्ता विधि प्रयोग भएकापाइएको र तीविधिको कार्यकलाप सँग उचित तालमेल नदेखिएको चर्चा गरिएको छ । शिक्षण कार्यकलापमा देखिएका यस्ता समस्यालाई शोधपत्रमा स्पष्ट उल्लेख गरी समाधानार्थ उपाय पनि दिइएको छ ।

यस शोधपत्रमा प्रस्तुतभएका समस्यालाई समाधानार्थ सुझावपनि प्रस्तुत गरिएको छ । उत्प्रेरणा जगाई शिक्षण गरिनुपर्ने शिक्षण कौशल प्रस्तुत गरी शिक्षण गरिनुपर्ने, व्यवहारोपयोगी शिक्षणका लागिकथा शिक्षण गर्दा शब्दार्थ, वाक्य गठन, उखान टुक्का शब्दबनोट आदि अभ्यासमा केन्द्रित रहनुपर्ने, पाठलाई पाठ्यांशमा विभाजित गरी शिक्षण गरिनु पर्ने, सिकारुलाई सिकाइ

कार्यकलापमा सहभागी गराई शिक्षक माध्यम मात्र बनी शिक्षण गरिनुपर्ने तथा सामग्री र योजना सहित शिक्षण गरिनुपर्ने जस्ता सुझावहरू यस शोधपत्रमा प्रस्तुतगरिएका छन् ।

यसरी शोध परिचय सहित जम्मा पाँच परिच्छेदमा समेटिएको यस शोधपत्रमा दोस्रो परिच्छेद सम्बन्धित साहित्यको पुनरवलोकन तथा अवधारणात्मक ढाँचा, तेस्रो परिच्छेद अध्ययनको विधि र प्रक्रिया, चौथो परिच्छेद नतिजाको व्याख्याएवम् विश्लेषण तथापाँचौं परिच्छेद निष्कर्ष र सुझाव सँग सम्बन्धित छन् । मूल शोधपत्र पछि सन्दर्भ सामग्री र त्यसपछि परिशिष्टमा प्रश्नावली फाराम,कक्षा अवलोकन फारामको नमुना तथा व्यक्तिवृत्त राखिएको छ ।

# वषयसूची


| शीर्षक | पृष्ठ |
| --- | --- |
| प्रतिबद्धता | ख |
| सिफारिस पत्र | ग |
| स्वीकृतिपत्र | घ |
| शोधसार | ङ |
| कृतज्ञता | छ |

परिच्छेद एक : परिचय

| | |
| --- | --- |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याकथन | २ |
| १.३ अध्ययनका उद्देश्यहरू | ३ |
| १.४ अनुसन्धानात्मक प्रश्नहरू | ३ |
| १.५ अध्ययनको महत्त्व | ४ |
| १.६ अध्ययनको परिसीमा | ४ |

परिच्छेददुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

| | |
| --- | --- |
| २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन | ६ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | ७ |
| २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता | १३ |
| २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा | १४ |

परिच्छेदतीन : अध्ययनको विधि र प्रक्रिया

| | |
| --- | --- |
| ३.१ अध्ययनको ढाँचा र विधि | १६ |
| ३.२ जनसङ्ख्या नमुना र नमुना छनोट रणनीति | १६ |
| ३.३ अध्ययनको क्षेत्र | १७ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका | १७ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | १७ |

३.५.१ शिक्षक प्रश्नावली फाराम १८
३.५.२ कक्षा अवलोकन फाराम १८
३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया १८

परिच्छेदचार : नतिजाको व्याख्याएवम् विश्लेषण

४.१ कक्षानौ दशमाकथा शिक्षणको अवस्था २०
४.२ कक्षानौ दशमाकथा शिक्षणको प्रयोजन २१
४.३ कक्षानौ दशमाकथा शिक्षण गदा अपनाउन सकिने शिक्षण विधिहरू २२
४.४ कथा शिक्षण गर्दाको शिक्षण क्रम २६
४.५ गौरादह न.पा. काविद्यालयहरूमा कक्षा नौ दशमा नेपाली कथा शिक्षणगर्दा अपनाइएका विधिहरू २८
४.५.१ शिक्षक प्रश्नावलीका आधारमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरू २९
४.५.२ कक्षा अवलोकन फारामका आधारमा कथा शिक्षणमा विधिको प्रयोग
४.५.२.१ सामुदायिकतर्फका विद्यालयहरू ३२
४.५.२.२ संस्थागत तर्फका विद्यालयहरू ३६
४.५.३ गौरादह न.पा. काविद्यालयहरूमा कक्षा नौ दशमा नेपालीकथा शिक्षणगर्दा अपनाइएका विधिहरूको विश्लेषण ४२
४.६ छनोट भएका विधिको उद्देश्यसँगको सम्बन्ध ४५
४.७कक्षानौ दशमाकथा शिक्षणका क्रममा देखिएका समस्याहरू ४८
४.७.१ सामुदायिक विद्यालयतर्फका समस्या ४८
४.७.२ संस्थागत विद्यालयतर्फका समस्या ५१
४.७.३ सामुदायिक तथा संस्थागत विद्यालयमा कथा शिक्षणका क्रममा देखिएका समस्या समाधानका निमित्त अवलम्बन गर्न सकिने उपायहरू ५४
४.८ प्राप्ति तथा सारांश ५७
४.८.१ प्राप्ति ५७
४.८.२ सारांश ५८

## परिच्छेद पाँच:निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ५९

५.२ सुझावहरू ६०

५.२.१.नीति गत तहका लागि ६०

५.२.२ अभ्यास तहका लागि ६१

५.२.३ अनुसन्धान तहका लागि ६२

सन्दर्भसामग्रीसूची

व्यक्तिवृत्त

परिशिष्ट

## तालिकासूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | शिक्षण विधिप्रयोग अवस्था | ३१ |
| २ | अवलोकन फाराम बाट प्राप्त नतिजा | ४१ |


## चित्रसूची


| | | |
|---|---|---|
| १ | विधिप्रयोगको अवस्था | ४५ |

# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

परापूर्वकालदेखि नै कथा भन्ने चलन चलिआएको पाइन्छ । मानव सभ्यताको प्रारम्भदेखि नै मान्छेले आफ्ना आफन्त तथा साथीभाइ बीचमा सुनाउने गरेको घटना वा कहानीबाट कथाको प्रादुर्भाव भएकाले यसको परम्परा पुरानो रहेको कुरा पुष्टि हुन्छ । पूर्वीय एवम्  पाश्चात्य साहित्य परम्परामा कथाको लामो परम्परा रहे पनि यसले सैद्धान्तिक मान्यता भने १९ औँ शताब्दीमा पाश्चात्य जगत्मा प्राप्त गरेको हो, भन्ने विद्वान्हरूको अभिमत रहेको पाइन्छ ।

कथा साहित्यको एउटा प्रमुख विधा हो । कुनै पनि घटनाको क्रमबद्ध भनाइ वा प्रस्तुति नै कथा हो । पाश्चात्य साहित्यशास्त्रमा प्रयुक्त हुने शब्द 'short story' को पर्यायवाची शब्द मानिने कथा शब्दको व्युत्पत्ति संस्कृत भाषाको कथ् (कथने) धातुमा अङ् 'अ' प्रत्ययबाट निष्पन्न 'कथ' मा टाप 'आ' प्रत्यय लागेर भएको पाइन्छ । यसको शाब्दिक अर्थ 'केही कुरा भन्नु वा कहनु' हो । यस आधारमा 'कथा' शब्दको अर्थ भनिएको कहानी वा किस्सा हुन्छ । वास्तवमा गद्य भाषाको किस्सा, पात्रप्रधान वा कथात्मक निबन्धको सामञ्जस्यबाट आधुनिक कथा विधाको जन्म भएको हो । साहित्यका विभिन्न विधाबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको रूपमा आफूलाई परिचित गर्न सफल कथा विधाले अति छिटो जनमानसमा गहकिलो प्रभाव छोड्न सफल भएको पाइन्छ । कथा गद्यमा लेखिने एउटा यस्तो साहित्यिक विधा हो, जसमा कथात्मकता अनिवार्य रूपमा हुनै पर्दछ । कथात्मकताले नै कथालाई सार्थक बनाउँदछ । यसै गरी पात्र विधान, कथाकथन ( संवाद), देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्यहरू जस्ता तत्त्वहरू पनि हुनु अपरिहार्य नै छ । यसका साथै "कथामा कुनै न कुनै विचार वा भावना विषयबद्ध हुनैपर्छ । विचारलाई कथामा नाटकीकरण गर्नु पर्दछ । निश्चित संरचना दिन कथात्मकता अनिवार्य मानिएको छ, तापनि आजभोलि लेखिने कथामा ज्यादै सूक्ष्म कथात्मकता देखिन थालेको छ" (आचार्य र बस्नेत, २०५९: ३०६) ।

समयको बहावसँग अनुकूलित र परिवर्तित रूपमा देखापर्ने कथाले वर्तमान समयसम्म आइपुग्दा साहित्यका अन्य विधाभन्दा गरिमामय तथा लोकप्रिय विधाको रूपमा आफूलाई परिभाषित गरेको छ । कथा मनोरञ्जन र रोचकतासँगसँगै उपदेश, सन्देश, ज्ञान प्रदान विधा भएकाले  गर्दा

अन्य विधाको तुलनामा कथाले अलि धेरै नै क्षेत्र ओगटेको पाउन सकिन्छ । अन्य विधाका लागि क्षमतावान्, सृजनशील, शिक्षित वा घुमाउरा भनाइहरू बुझ्न आवश्यक देखिए पनि यस कथा विधाले भने ती सम्पूर्ण कुराहरूको घेरामा नबसी समान रूपमा जुनसुकै तह वा स्तरका व्यक्तिहरूका लागि पनि प्रस्तुत हुन सक्ने वातावरण बनाउँदछ । कथालाई सानो तहबाट ठूला वा माथिल्ला तहका लागि पनि पाठ्यक्रममा पर्याप्त स्थान दिइएको छ । विद्यालय तहमा कथाको माध्यमबाट विद्यार्थीहरूमा बोध क्षमताको वृद्धि गर्न, नवीन शैलीहरूको पहिचान गर्न, विभिन्न अभिव्यक्तिप्रति ज्ञान प्राप्त गर्न, साहित्यमा रुचि जगाउन, कल्पना शक्ति विकास गर्नका साथै कथा भन्ने र लेख्ने सीप विकास गर्न सकिन्छ । त्यसैले कथा शिक्षणको महत्त्व विद्यालय तहमा अपरिहार्य मानिन्छ ।

## १.२ समस्या कथन

शिक्षण सिकाइ कार्यकलाप तथा विधिको प्रकृतिअनुसार विद्यालयगत आधारमा छुट्टाछुट्टै रूपमा गर्न सकिन्छ । जसअन्तर्गत प्रस्तुत शोधकार्य झापाको गौरादह न.पा. मा अवस्थित कक्षा नौ र दशमा कथा विधाको शिक्षण गर्दा अपनाइएका शिक्षण विधिको अध्ययनमा केन्द्रित रहेको छ । जसले निम्न समस्याहरूको उठान गरी समस्या हल गर्ने प्रयास गरेको छ ।

१. कक्षा नौ र दशमा कथा विधा शिक्षण गर्दा कस्ता शिक्षण विधिहरू अपनाइएका छन् ?

२. कक्षा नौ र दशमा अध्ययनरत विद्यार्थीका लागि कथा शिक्षण गर्दा प्रयुक्त शिक्षण विधिहरू समस्यामूलक छन् वा छैनन् ?

३. कक्षा नौ र दशमा शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू के कतिको लाभदायक र उद्देश्यमुखी बन्न सफल छन् ?

४. कथा विधा शिक्षण गर्दा कथा शिक्षणका साधारण र विशिष्ट उद्देश्यसँग कक्षा कार्यकलाप मेल खाने खालका छन् कि छैनन् ?

उक्त समस्यासँग सम्बन्धित यो शोधपत्र शिक्षण विधि छनोट र प्रयोगमा केन्द्रित रहेको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

कुनै पनि काम गर्नुपूर्व त्यसको उद्देश्य निर्धारण गर्नुपर्दछ । उद्देश्य विनाको कार्य कुहिरोमा हराएको कागसरह हुन्छ । त्यस्तै शिक्षण क्षेत्रमा पनि उद्देश्यलाई पूरा गराउनका लागि शिक्षण

प्रभावकारी हुनु एकदमै आवश्यक हुन्छ । यस "कक्षा नौ र दशमा कथा शिक्षण गर्दा अपनाएका शिक्षण विधिहरूको अध्ययन" शीर्षकको शोधकार्य निम्न उद्देश्यमा केन्द्रित रहेको छ ।

क) कथा शिक्षणका क्रममा शिक्षकहरूद्वारा अवलम्बन गरिएका शिक्षण विधिको पहिचान गर्नु,

ख) सम्बन्धित विद्यालयहरूमा कक्षा नौ र दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन गर्नु,

ग) उद्देश्य केन्द्रित कार्यकलाप भए नभएको पहिचान गर्नु,

घ) शिक्षणका क्रममा देखिएका समस्याहरू पत्ता लगाई ती देखिएका समस्या समाधानका निमित्त थप सल्लाह तथा सुझावहरू प्रदान गर्नु,

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

कथा एक गद्यात्मक तथा आख्यानात्मक विधा हो । यस विधालाई शिक्षण गर्नका निमित्त अपनाइएका विधिहरू सम्बन्धी केही यस्ता कुराहरूमा अनुसन्धान गरिएको छ :

- कथा शिक्षणमा अपनाइएका कार्यकलाप तथा विधिहरू के-कति प्रभावकारी बनेका छन् वा छैनन् ?
- विद्यालयहरूका शिक्षकहरू तालिम प्राप्त छन् वा छैनन् ?
- विद्यालयहरूमा रहेका तालिम प्राप्त गरेका र तालिम प्राप्त नगरेका शिक्षकबीचको कथा शिक्षण विधि के कस्ता छन् ?
- शिक्षकले के कस्ता शिक्षण विधिलाई कक्षाकोठामा प्रस्तुत गर्दै आएका छन् ? ती विधि प्रभावकारी छन् वा छैनन् ?
- शिक्षण विधिहरूमा के कस्तो सुधार गरिदै लान सकिन्छ ?
- विद्यालयमा प्रभावकारी शिक्षणका लागि के-के सामग्री तथा विधिहरू अवलम्बन गर्दा उपयुक्त हुन सक्छ ?

## १.५ अध्ययनको महत्त्व

कथा शिक्षणले चारैवटा भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई समेट्न सक्नु पर्दछ । कथा शिक्षण पश्चात् विद्यार्थीहरूले कुन-कुन भाषिक सीप हासिल गरे त ? ती भाषिक सीप हासिल गराउनका लागि कक्षाकोठामा कुन कुन शिक्षण विधि प्रयोग गरिएका छन् ? ती के के

हुन सक्छन् ? ती कतिको उद्देश्यमुखी बन्न सक्छन् ? भन्ने बिषय यो अध्ययनमा केन्द्रित रहने भएकाले यो एकदमै औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ ।

कथा विविध विधामध्येको एक महत्त्वपूर्ण विधा हो । सबै विद्यार्थीहरूले रोचकता र मनोरञ्जनपूर्वक अध्ययन गर्दछन् । यस विधाद्वारा विद्यार्थीहरूलाई प्रभावकारी रूपमा शिक्षण गराइने गरिन्छ । यस कथा शिक्षणका क्रममा अवलम्बन गरिएका शिक्षण विधिहरू के कस्ता छन् ? ती उद्देश्यमुखी बनेका छन् कि छैनन् ? कथा शिक्षणका क्रममा के कस्ता समस्याहरू आए, त्यस्ता समस्याहरू सुधार गर्नका लागि पनि थप सुझाव तथा सल्लाह प्रदान गर्ने र शिक्षक तथा विद्यार्थीहरूको समस्याको पहिचान गरी उक्त समस्या सुधारका लागि सुझाव पनि प्रस्तुत गर्ने भएकाले प्रस्तुत शोधकार्य महत्त्वपूर्ण र औचित्यपूर्ण रहेको छ । अझ झापा गौरादह न.पा.का विद्यालयमा  कक्षा नौ र दशका नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन सम्बन्धी गरिएको यो पहिलो शोधकार्य भएकाले पनि यसको ठूलो महत्त्व रहेको छ ।

प्रस्तुत अनुसन्धानबाट आएको अध्ययनले कथा शिक्षण कार्यलाई अर्थपूर्ण एवम् प्रभावकारी बनाउनका लागि नेपाली विषय अध्यापनरत शिक्षकहरूलाई उपयुक्त शिक्षण विधि अवलम्बन कार्यमा सहयोग पुऱ्याउने देखिन्छ । यसै गरी कक्षा नौ र दशको नेपाली पाठ्यक्रम, पाठ्यपुस्तक विद्यार्थीहरूको स्तर, रुचि, क्षमता र आवश्यकताअनुसार निर्माण गर्नमा सम्बन्धित विषयको पाठ्यपुस्तक निर्माता र विषय विशेषज्ञलाई समेत थप सहयोग पुऱ्याउने देखिन्छ । यो भावी अनुसन्धानकर्ताका लागि एउटा सहयोगी दस्ताबेजको रूपमा लिन सकिने भएकाले पनि प्रस्तुत शोधकार्य ज्यादै महत्त्वपूर्ण रहेको छ ।

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्यका सीमाहरू निम्नानुसार रहेका छन् :

- यस शोधकार्यमा झापा जिल्ला गौरादह न.पा.मा अवस्थित विद्यालयहरूमा कक्षा नौ र दशमा कथा शिक्षण गर्दा अपनाइएका विधिहरूको अध्ययन गरिएको छ ।
- यो अध्ययन गौरादह न.पा.मा अवस्थित ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयहरूमा नेपाली विषय शिक्षण गर्दा अपनाइएका विधिहरूमा सीमित रही  गरिएको छ ।
- यो अध्ययन गौरादह न.पा.का सरकारी र संस्थागत गरी १० वटा विद्यालयहरूमा अध्यापनरत १० जना नेपाली शिक्षकहरूको शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फाराम भर्ने भराउने प्रक्रियामा सीमित रही गरिएको छ ।

- कथा शिक्षण गर्दा सम्बन्धित कक्षाका विद्यार्थीहरूबाट शिक्षण सिकाइ कार्यकलापका बारेमा प्रश्नोत्तर मार्फत् प्रतिक्रिया लिई अध्ययनलाई अघि बढाइएको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

कथा ज्यादै लोकप्रिय र अति प्रचलित विधा हो । मानव सभ्यताको प्रारम्भसँगै कथाको जन्म हुन पुगेको कुरामा अधिकांश साहित्यिक विज्ञहरूको एक मत पाइन्छ । श्रुति परम्परामा बाँचेको दन्त्यकथा कथनमा स्वाद लिने, कथाकथनमा ध्यानमग्न भई उसको कथा सुन्ने शिक्षित अशिक्षित स्रोताका बीचको तादात्म्यता नेपाली जीवनको विशिष्ट परम्परा हो । हाम्रो समाजमा पुराण इतिहाससँग सम्बन्धित कथाहरू लगायत दन्थ्य कथा, लोक कथा, सुन्ने सुनाउने प्रचलन परापूर्व कालदेखि नै प्रचलित रहेको देखिन्छ । जसको प्रभावस्वरूप आज आएर कथालाई विद्यालय तथा विश्वविद्यालयहरूमा समेत पर्याप्त स्थान दिइएको छ ।

पश्चिमी साहित्यमा क्राइस्ट जन्मनुभन्दा पनि अगाडि मिश्र (मिश्रको सभ्यता) सँग जोडिएर जादुगरको काव्य तथा क्रिश्चयनहरूको धार्मिक काव्यका आधारमा बनेका अन्य कथाबाट कथाको प्रारम्भ भएको पाइन्छ । इ.सा.को १००० वर्ष अगाडि होमरका इलियड र ओडेसी, त्यस्तै इ.सा. को ३-४ सय वर्ष अगाडि सुकरात, प्लेटो र अरस्तुको विचार तथा उपदेशहरू कथाको रूपमा विकसित हुँदै आए । पूर्वीय साहित्यमा विक्रमको लगभग २५ सय वर्ष अगाडि ऋग्वेदमा आधारित कथाहरू प्रचलनमा आएका पाइन्छन् भने रामायण, महाभारत, उपनिषद्, बौद्धग्रन्थ, संस्कृतका पञ्चतन्त्र तथा हितोपदेश आदिका कथाका माध्यमबाट आधुनिक कथाको आधार तयार भएको मान्न सकिन्छ । १९ औं शताब्दीमा आएर अमेरिकाका एड्गर एलेन पोले कथाको परिभाषा दिए अनुसार : “कथा भनेको एउटा यस्तो कथात्मक कृति हो, जुन छोटो हुनाले एकै बसाइमै पढेर सिध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ । यसरी प्रभाव जमाउन बाधा पार्ने जति सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैमा पूर्ण हुन्छ” (ढुङ्गेल र दाहाल, २०६६ : २) ।

पूर्वीय र पाश्चात्य साहित्य परम्परामा कथाको लामो परम्परा रहे पनि यसको सैद्धान्तिक मान्यता भने १९ औं शताब्दीमा पाश्चात्य जगत्बाट प्राप्त भएको हो भन्ने विद्वान्हरूको अभिमत रहेको पाइन्छ । यो कथा विधा साहित्यका विभिन्न विधाहरूबाट गुण र स्वभावलाई ग्रहण गर्दै एउटा छुट्टै विधाको रूपमा आफूलाई परिचित गर्नका साथै अति छिटो जनमानसमा गहकिलो प्रभाव छोड्न पनि सफल भएको देखिन्छ, जसका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम त बनाउन

सकिन्छ नै साथै यसबाट विद्यार्थीहरूमा कल्पनाशक्ति र सिर्जनाशक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन पनि त्यतिकै सहज हुन्छ । आजको वर्तमान समयसम्म आइपुग्दा अन्य विधाहरूका तुलनामा कथा विधाले एकदमै लोकप्रियता हासिल गरेको मान्न सकिन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

अनुसन्धान नयाँ नयाँ कुराको खोजी गर्नु मात्र नभएर पुरानै कुरालाई सही तथ्यका आधारमा परिमार्जित र परिभाषित गर्नु पनि हो । त्यसैले शोध कार्य गर्दाको अवस्थामा पनि सम्बन्धित क्षेत्रमा भएका अध्ययन अनुसन्धानहरूको जानकारी लिन आवश्यक छ । आफूले गर्ने अध्ययन कुन विषय क्षेत्रसँग सम्बन्धित छ ? त्यस क्षेत्रमा रहेर के कस्ता शोधकार्य भएका छन् र हुन बाँकी छन् ? ती भइसकेका शोधकार्यभन्दा भिन्न आफ्नो शोधकार्यमा के के भिन्नताहरू छन् वा छैनन् ? भन्ने विषयमा जानकारी लिन पनि सम्बन्धित साहित्यको पुनरवलोकन गरिनु पर्दछ ।

भाषा शिक्षणका सन्दर्भमा भाषा पाठ्यक्रम र नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कविता, कथा, निबन्ध, प्रबन्ध, रूपक चिठी आदि जस्ता फरक फरक विधाहरू हुन्छन् र ती विधाहरूको शिक्षण पनि फरक फरक किसिमको नै हुन्छ । यस्ता विविध विधा मध्येको एक उत्कृष्ट विधा "कथा" शिक्षणमा अपनाइएका शिक्षण विधिहरूको अध्ययनमा यो शोध कार्य सम्बन्धित रहेको छ । विभिन्न साहित्य सम्बन्धी शोधकार्य गर्दा कथा शिक्षणमा अपनाइएका शिक्षण विधि अध्ययनमा विभिन्न शोधकार्य भए तापनि झापा गौरादह न.पा.मा रहेका विद्यालयहरूका कक्षा नौ र दशमा कथा शिक्षणमा अपनाइएका विधिका सम्बन्धमा कुनै पनि शोध अध्ययन कार्य भएको पाइँदैन ।

त्यसैले सम्बन्धित क्षेत्रको प्रत्यक्ष रूपमा अध्ययन अनुसन्धान गरी ती नेपाली विषयका शिक्षकहरूले तत् तत् कक्षामा कुन कुन शिक्षण विधिहरूको प्रयोग गर्दै आएका छन् ? ती के कति रूपमा प्रभावकारी बन्न सफल भएका छन् ? र शिक्षणलाई सुधार गर्नमा के कस्ता शिक्षण विधिहरू अपनाउन सकिन्छ ? भन्ने बारे मूलतः यो शोधकार्य सम्बन्धित रहेको छ र यसै कथा विधा शिक्षण विधि तथा कार्यकलापसँग निकट सहयोगी पुस्तकहरू र शोधपत्रको पुनरवलोकन अध्ययन निम्नानुसार गरिएको छ :

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेलद्वारा ***नेपाली भाषा र साहित्य शिक्षण (दोस्रो संस्करण -२०६८)*** नामक पुस्तकमा विशेष गरी माध्यमिक विद्यालय तहमा भाषाका विभिन्न विधा शिक्षण गर्दा अपनाईएका विधि तथा कार्यकलापहरूको अध्ययनका सम्बन्धमा चर्चा गरिएको छ ।

उक्त पुस्तकमा भाषा शिक्षणको सैद्धान्तिक परिचय, नेपाली शिक्षण परम्परा र वर्तमान स्थिति, दोस्रो भाषा सिकाइका प्रभावक तत्त्वहरू, दोस्रो भाषा शिक्षणका प्रमुख पद्धति र विधिहरू विविध भाषिक सीप शिक्षण प्रविधि, शब्दार्थ, शब्दभण्डार तथा वाक्यरचना शिक्षण, व्याकरण शिक्षण, भाषा शिक्षण र साहित्य शिक्षण र विविध साहित्यिक विधाहरूको स्वरूप, शिक्षण प्रयोजन र शिक्षण विधिअन्तर्गत कविता शिक्षण, नाटक, एकाङ्की शिक्षण निबन्ध शिक्षण र कथा/उपन्यास शिक्षण आदिलाई उल्लेख गरिएको छ ।

कथा शिक्षणअन्तर्गत शिक्षण विधिमा व्याख्यान विधि, छलफल/प्रश्नोत्तर विधि, पठनबोध विधि र लेख प्रस्तुतीकरण विधिको उल्लेख गरिएको छ । कथा शिक्षण क्रममा प्रस्तावना, कथाकथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण र विशिष्ट पङ्क्तिहरूको व्याख्याको उल्लेख गरिएको छ । माथि उल्लिखित कथा शिक्षण क्रमलाई नै कथा शिक्षण गर्दा अपनाइएका विविध शिक्षण विधिहरूको रूपमा ग्रहण गरिएको छ ।

खनिया, बुद्धराज, रामकुमार अधिकारी र विप्रहरि दहालद्वारा ***नेपाली भाषाशिक्षण (दोस्रो संस्करण-२०६८)*** नामक पुस्तकमा विशेष गरी विद्यालय तहभन्दा माथिल्ला स्तरमा भाषाका विभिन्न विधामा शिक्षण गर्दा अपनाइएका शिक्षण विधि र कार्यकलापहरूको चर्चा परिचर्चा गरिएको छ । उक्त पुस्तकमा नेपाली भाषा शिक्षणसम्बन्धी परिचय, विभिन्न सन्दर्भमा नेपाली भाषा शिक्षण, भाषा पाठ्यक्रमको विगत र वर्तमान नेपाली भाषा पाठ्यक्रम तथा पाठ्यक्रम निर्माणका सिद्धान्तहरूको चर्चा गर्दै सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीप विकासका बारेमा पनि अलग-अलग शीर्षकमा विस्तृत उल्लेख भएको पाइन्छ । उक्त पुस्तकमा शब्दार्थ शिक्षण, व्याकरण शिक्षणका साथै साहित्य शिक्षणहरूमा कथा शिक्षण, कविता शिक्षण, निबन्ध शिक्षण, जीवनी शिक्षण र रूपक शिक्षणबारे पनि चर्चा-परिचर्चा गरिएको छ ।

कथा शिक्षणको सन्दर्भमा भने कथा शिक्षणको प्रयोजन, उद्देश्य, महत्त्व लगायत शिक्षण विधिहरू तथा प्रक्रियाहरू कथाकथन, स-स्वरवाचन, शब्दोच्चारण, शब्दार्थ र वाक्यमा प्रयोग पठनबोध व्याख्या गर्नुका साथै कथा शिक्षणमा विद्यार्थीहरूको स्तर अनुसार व्याख्या गर्नुका साथै कथा शिक्षणमा विद्यार्थीहरूको स्तरअनुसार व्याख्या, प्रश्नोत्तर छलफल, तुलना, समीक्षा पठनबोध जस्ता विधिहरू प्रयोग गर्न सकिन्छ । शिक्षण सामग्रीमा शब्दपत्ती, वाक्यपत्ती, प्रश्न सूची, तालिका बुँदा टिपोट आदिको प्रयोग गर्न सकिन्छ । यसका अलवा कथाका माध्यमबाट स-स्वर तथा मौनपठन, पठनबोध, मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर बुँदाटिपोट, व्याख्या, सारांश घटनाक्रम

मिलाउने कठिन शब्दहरूको उच्चारण अर्थ र प्रयोग श्रुतिलेखनजस्ता कार्यकलापहरू गराउनु पर्ने आदि कुराहरूलाई पनि विशेष रूपमा उल्लेख गरिएको छ ।

भुसाल, निमानन्द (२०५९) द्वारा ***अर्घाखाँचीका मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति*** शीर्षकमा अध्ययन गरिएको छ । उनको अध्ययन नेपाली भाषा शिक्षणमा प्रयोग हुन सक्ने शैक्षिक सामग्रीहरूको परिचय दिने, त्यसको उपयोगिताको वास्तविक स्थिति पहिल्याउने, शिक्षक निर्देशिकामा निर्दिष्ट शैक्षिक सामग्रीको चर्चा गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । उनको अध्ययन अनुसार नेपाली शिक्षणका क्रममा चक, डस्टर, कालोपाटी जस्ता दैनिक प्रयोग हुने सामग्री बाहेक अन्य सामग्रीको प्रयोग नभएको उल्लेख पाइन्छ । यसका लागि आर्थिक लगानी गर्नुपर्ने, शिक्षकहरूलाई शैक्षिक सामग्री सङ्कलन, निर्माण र प्रयोगसम्बन्धी विशेष तालिम दिनुपर्ने, परिश्रमी र लगनशील शिक्षकको सही मूल्याङ्कन हुनुपर्ने र दायित्वबाट विचलित शिक्षकलाई यथोचित सजायको व्यवस्था हुनुपर्ने आदि जस्ता सुझावहरू दिइएका छन् ।

पौडेल, देवीदत्त (२०६०) द्वारा ***कक्षा ८ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन*** शीर्षकमा कक्षा ८ मा कथा शिक्षण गर्दा शिक्षकहरूले प्रयोग गर्ने शैक्षणिक विधिहरूको सर्वेक्षण गर्ने, अनुदान प्राप्त सरकारी तथा निजी विद्यालयहरूमा कथा शिक्षण गर्दा प्रयोग हुने विधिहरूको तुलनात्मक अध्ययन गर्ने, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले अपनाएका विधिहरूको तुलनात्मक अध्ययन गर्ने, ग्रामीण र सहरीया विद्यालयका शिक्षकहरूले अपनाउने शिक्षण विधिहरू बीचको तुलनात्मक अध्ययन गर्ने मूल उद्देश्य राखी तयार गरिएको यो अनुसन्धानमा निजी विद्यालयका शिक्षकहरूले भन्दा अनुदान प्राप्त विद्यालयका शिक्षकले शैक्षिक योजना निर्माण गरेको कुरा उल्लेख छ भने शैक्षणिक कार्यकलापमा निजी विद्यालय अगाडि रहेको देखाइएको छ । शैक्षिक सामग्रीको निर्माण र प्रयोग तालिम प्राप्त शिक्षकले बढी प्रयोग गरेको उल्लेख छ । ग्रामीण र सहरी दुवै क्षेत्रमा शिक्षकहरूद्वारा कथा शिक्षणमा अपनाइएका सम्पूर्ण विधि तथा कार्यकलापहरूसँग सम्बन्धित रहेर यो अनुसन्धानात्मक शोध पूरा गरिएको छ ।

अँगाई, मीनामायाँ (२०६०) द्वारा ***कक्षा नौमा गद्य विधा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन*** शीर्षकमा शोधकार्य भएको पाइन्छ । कथा, विधा लगायतका अन्य गद्य विधा शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिको परिचय दिनु, प्रयोग गरिएको शिक्षण विधिको पहिचान गर्नु, गद्य विधा शिक्षण गर्दा विधिहरूमा देखिएका कमीकमजोरी पत्ता लगाई सुझाव दिनु जस्ता उद्देश्य रहेको उक्त अध्ययनमा क्षेत्रीय विधिको अवलम्बन गरिएको पाइन्छ । गद्य पाठहरू दिई ती पाठ

शिक्षणका क्रममा उपयोग भएका विधि र कार्यकलापहरूलाई शिक्षण प्रश्नावली र कक्षा अवलोकनका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । उक्त क्रममा सस्वर वाचन, कठिन शब्दको उच्चारण, बोध प्रश्नोत्तर, सारांश बताउने, कक्षागत मूल्याङ्कन आदि कथा शिक्षणका कार्यकलापरुका रूपमा चर्चा गरिएको पाइन्छ । अन्त्यमा शोधका निष्कर्ष र कमीकमजोरी अनुरूप सुझाव बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

बुढाथोकी, गोपाल (२०६२) द्वारा तयार पारेको ***कक्षा ७ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन*** शीर्षकको शोधपत्रमा कविता शिक्षणमा कुन कुन शिक्षण विधि प्रयोग गरिएका थिए भन्ने जाँच गर्नका लागि तयार बनाएका कक्षा अवलोकन फाराम र प्रश्नावलीका आधारमा शिक्षण विधिको उल्लेख गरिएको पाइयो । यसका साथै प्रस्तुत शोधकार्यले सरकारी तथा निजी विद्यालयहरूले अपनाउँदै आएका शिक्षण विधिहरू बीचको तुलनात्मक अध्ययनलाई प्रस्ट रूपमा प्रस्तुत गरेको छ ।

गौतम, सरिता (२०६४) द्वारा ***कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन*** शीर्षकमा अर्को महत्त्वपूर्ण अध्ययन भएको पाइन्छ । प्रस्तुत शोधमा कथा शिक्षणको परिचय दिनु, कथा शिक्षणको प्रयोजन दिनु, कथा शिक्षण गर्न सकिने विविध कार्यकलापहरूको अध्ययन गर्नु, तालिम प्राप्त र अप्राप्त भाषा शिक्षणहरूको कथा शिक्षण गर्दा अपानाउने कार्यकलापहरूको भिन्नता पहिचान गर्नु र शिक्षकहरूको सैद्धान्तिक र व्यावहारिक पक्षको अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । वर्णनात्मक विधिको अवलम्बन गर्दै नमुना छनोट गरी प्रश्नावली र कक्षा अवलोकन फारामका माध्यमबाट सामग्री सङ्कलन गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण पश्चात् निष्कर्षमा पुगिएको छ । निष्कर्षलाई बुँदागत रूपमा (१९ वटा) प्रस्तुत गरिएको छ भने देखिएका कमीकमजोरीलाई सम्बोधन गर्ने गरी १३ वटा सुझाव प्रस्तुत गरिएको छ ।

इटनी, रुक्मिला (२०६५) द्वारा ***कक्षा दशमा कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन*** शीर्षकमा अर्को महत्त्वपूर्ण अध्ययन गरिएको छ । उक्त शोधमा कथा शिक्षणको परिचय र प्रयोजन दिनु, कथा शिक्षणमार्फत् गरिएको कार्यकलापको पहिचान गर्नु, सामुदायिक विद्यालय र संस्थागत विद्यालयका भाषाशिक्षकहरूले कथा शिक्षण गर्दा अपनाएका कार्यकलापहरूको भिन्नता केलाउनु जस्ता उद्देश्य रहेका छन् । अध्ययन विधि अन्तर्गत धादिङ जिल्लाभित्रका सामुदायिक र संस्थागत दश/दश गरी जम्मा बीसवटा विद्यालयलाई नमुनाको रूपमा छनोट गरिएको छ । उल्लिखित बीसवटा विद्यालयका बीसजना नेपाली भाषा शिक्षण गर्ने शिक्षकलाई यस शोधकार्यका

लागि जनसङ्ख्याका रूपमा लिइएको छ । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली र कक्षा अवलोकन फाराम बनाई पूर्व परीक्षण गरी कार्यान्वयन गरी तथ्याङ्कको सङ्कलन गरिएको देखिन्छ । शिक्षणहरूमा पाठयोजना बनाउनु पर्छ भन्ने मान्यता रहे पनि व्यावहारिक रूपमा पाठयोजनाप्रति लापरवाही गरेको, प्रश्नावली फाराम अनुरूप कक्षा अवलोकन गर्दा सो नपाइएको, सामुदायिक विद्यालयका तुलनामा संस्थागत विद्यालयका शिक्षक बढी सक्रिय रहेको उल्लेख गरिएको छ, कक्षा अवलोकनबाट बुँदागत रूपमा १६ वटा निष्कर्ष निकालिइएको छ भने पाइएका कमीकमजोरीलाई सम्बोधन गर्ने उद्देश्यले बुँदागत रूपमा २० वटा सुझावहरू प्रस्तुत गरिएको छ । साथै यस अध्ययनमा सातवटा शैक्षिक प्रयोजन र सातवटा भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू समेत उल्लेख गरिएको देखिन्छ ।

गिरी, कृष्णचन्द्र (२०६७) द्वारा ***प्युठान जिल्लामा कक्षा नौमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन*** शीर्षकमा प्रस्तुत शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा कथा शिक्षण गर्दा अपनाउन सकिने कार्यकलापहरूको पहिचान गर्नु, कथा शिक्षण प्रयोजनहरूलाई प्रस्तुत गर्नु, प्युठान जिल्लाका सरकारी तथा निजी विद्यालयहरूले अपनाएका शिक्षण कार्यकलापहरू बीचको समानता र भिन्नता पत्ता लगाउनु वा शिक्षण कार्यकलापमा देखिएका समस्या तथा कमी कमजोरीहरू पहिचान गरी सुझाव दिनु यसको प्रमुख उद्देश्य रहेको छ । प्रस्तुत शोधकार्यमा नमुना छनोट गरी प्रश्नावली र कक्षा अवलोकन फारामका माध्यमबाट सामग्री सङ्कलन गरी व्याख्या तथा विश्लेषणपश्चात् निष्कर्ष प्रस्तुत गरिएको छ ।

राई, सुमिता (२०६९) द्वारा कक्षा नौ मा ***कथा शिक्षण गर्दा प्रयुक्त विधिहरूको अध्ययन*** नामक शोधपत्रमा नेपाली कथा शिक्षणका निमित्त प्रयोग गरिँदै आएका विविध विधिहरूको उल्लेख गर्नुका साथै कथाबाट भाषिक सीप विकासका लागि गरिएका क्रियाकलापहरूको पनि चर्चा गरिएको छ । यस्तै प्रस्तुत शोधकार्यका लागि इलाम र पाँचथर जिल्लाहरूमध्येबाट ५ वटा सरकारी विद्यालय र ५ वटा निजी विद्यालयमा शिक्षण गर्ने १० जना नेपाली विषयका शिक्षकहरूलाई प्रतिनिधित्व गरी प्रत्यक्ष रूपमा कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामका आधारमा कक्षा नौ को कथा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधि तथा क्रियाकलापहरूको चर्चा पनि गरिएको छ ।

गुरुङ, अमृता (२०७२) द्वारा कक्षा ९ मा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन नामक शोधपत्रमा नेपाली कथा शिक्षण गर्दा प्रयोग गरिदै आएका शिक्षण विधिहरूको उल्लेख गरिएको छ । यसमा मोरङ, वयरवन गा.वि.स.मा अवस्थीत ५वटा सामुदायिक र

५ वटा संस्थागत विद्यालयहरूमा अध्ययन गर्ने कक्षा ९ का नेपाली विषय शिक्षक तथा छात्रछात्राहरूलाइ नमुनाका रूपमा लिइएको छ । शिक्षक प्रश्नावली फाराम कक्षा अवलोकन फाराम तथा सम्बन्धित क्षेत्रको अध्ययन र शिक्षण प्रक्रियामा देखिएका शिक्षण विधिहरूमध्ये कथा शिक्षणमा प्रयोग हुन सक्ने विधिहरूलाई यो शोधपत्र पूरा गर्न सामग्रीका रूपमा लिइएको छ । आंशिक रूपमा पुस्तकालयीय विधि र अधिकतर क्षेत्रीय भ्रमण विधिबाट यो शोधपत्र पूरा गर्न खोजिएको छ ।

यसरी कथा शिक्षण गर्दा अपनाइएका विधि र कार्यकलापसम्बन्धी सूक्ष्म खोज गर्दा विभिन्न पुस्तकहरूमा विभिन्न विधाका कार्यकलापहरूको उल्लेख भएको पाइयो । यसरी पूर्वकार्यको अध्ययन गर्दा नेपाली भाषासँग सम्बन्धित विविध शीर्षकमा, साहित्यका विविध विधाहरूमा, विभिन्न तह कक्षासँग सम्बन्धित भएर कक्षा शिक्षणमा अपनाइएका विधिको अध्ययनमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकले प्रयोग गरेका शिक्षण विधिहरू र कार्यकलापहरू तथा सरकारी र संस्थागत विद्यालयका शिक्षकहरूले प्रयोग गरेका शिक्षण विधिको अध्ययन भएको पाइयो ।

कथा शिक्षणसँग निकट शोधपत्रहरू पनि प्रशस्त मात्रामा भेटिए तर पनि धेरैजसो अनुसन्धान गुणात्मकताका दृष्टिले कमजोर भएका पाइए । पूर्वकार्यका कतिपय अध्ययनमा कक्षा-नौ र दशमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको पहिचान गर्ने, शिक्षकले कथा शिक्षणमा कुन-कुन विधिको प्रयोग गरेका छन्, ती शिक्षकहरूद्वारा अपनाइएका शिक्षण विधिहरू कथा विधा शिक्षण गर्दा कक्षाको स्तरअनुरूप प्रयुक्त छन् कि छैनन्, शिक्षकले प्रयोग गरेका कथा शिक्षण विधिहरूबाट सम्बन्धित विधाको उद्देश्य पूरा हुन्छ कि हुँदैन भन्ने कुराको अध्ययन भएको देखिएन त्यसमा पनि झापा गौरादह न.पा.मा अवस्थित विद्यालयहरूका कक्षा-नौ र दशमा कथा शिक्षण गर्दा अपनाइएका विधिहरूको अध्ययन सम्बन्धमा आजसम्म कुनै पनि अध्ययन फेला नपरेकाले गर्दा प्रस्तुत अध्ययनलाई गहन तथा विशेष सान्दर्भिक ठानिएको हो ।

## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता

साहित्य भाषाको विशिष्ट रूप हो । जब साहित्यमा प्रयोग गरिन्छ सो भाषाले विशिष्टता प्राप्त गरेको हुन्छ । भाषा शिक्षणमा पनि साहित्यको उपयोगलाई निकै महत्त्वपूर्ण मान्न सकिन्छ । भाषा शिक्षणको मूल प्रयोजन भनेको नै भाषाका आधारभूत सीपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को विकास गर्नु हो, साथै शब्दभण्डार शिक्षण तथा बोध र अभिव्यक्तिको पक्षलाई पनि बढाउनु हो । यस्ता विविध पक्षहरूको विकासका निमित्त साहित्यको उपयोगलाई ज्यादै महत्त्वपूर्ण

मानिन्छ । साहित्यले विद्यार्थीको पठन क्षमताको विकास गराउनुका साथै पढ्ने अभिरुचि बढाउन सक्छ ।

साहित्यका कविता, कथा, निबन्ध, रूपक, उपन्यास आदि विविध विधाहरू छन् । ती हरेक विधाहरूका आ-आफ्नै वैशिष्ट्य हुन्छन् । कविता काव्यात्मक, लयात्मक हुनु, कथा आख्यानात्मक हुनु, रूपक अभिनेयात्मक किसिमको हुनु तथा उपन्यासमा चरित्रको आख्यानीकरणको माध्यमबाट प्रस्तुति हुनु विधागत वैशिष्ट्य हुन् । विधागत वैशिष्ट्य अनुसार शिक्षण गरे मात्र शिक्षणमा प्रभावकारिता ल्याउन सकिन्छ ।

प्रस्तुत शोधकार्य कक्षा नौ र दशमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिमा आधारित भएर गरिएको अध्ययन भएकाले कथा शिक्षणमा अवलम्बन गरिदै आएका वर्णनात्मक, व्याख्यात्मक, प्रश्नोत्तर, छलफल, अभिनयात्मक विधिहरूलाई शिक्षकहरूले विद्यार्थीहरूको तह र स्तरअनुसार प्रयोग गर्ने सम्बन्धमा अध्ययन अनुसन्धानका निमित्त साहित्यको पुनरवलोकनले थप सहयोग पुऱ्याउन सक्ने देखिन्छ ।

## २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा

कथा निकै लोकप्रिय विधा हो । परापूर्व कालदेखि आजको वर्तमानसम्म आइपुग्दा कथाको लोकप्रियता पनि चुलिँदै गएको पाइन्छ । कथालाई व्याकरण, शब्दभण्डार, बोध र अभिव्यक्ति र सिर्जनात्मक लेखनका दृष्टिले पनि निकै उपयोगी विधाको रूपमा मानिन्छ । फलस्वरूप कथा विधा आज आएर तल्लो तहदेखि माथिल्लो तहसम्मका पाठ्यपुस्तकहरूमा समेटिँदै आएको छ । कथा शिक्षण विधि विद्यार्थीहरूको तह र स्तर अनुसार फरक हुन सक्छ ।

प्रस्तुत शोधकार्य कक्षा नौ र दशमा कथा शिक्षण गर्दा अपनाइएका विधिसँग सम्बन्धित रहेको छ । कक्षा नौ र दशका कथा शिक्षणका क्रममा विद्यार्थीहरू स्पष्ट रूपमा कथाको धारणा बसाल्न सक्ने भएकाले विद्यार्थीहरूले कथाको घटनाक्रमलाई मिलाउन विचार गर्न, संवेगात्मक अनुभूति र कल्पनाशक्ति विकास गर्न समेत सक्षम हुन्छन् । अन्य विधाहरूको तुलनामा कथा विधा पढ्नमा रुचि जाग्ने, मनोरञ्जन र आनन्द दिने किसिमको हुने हुनाले पनि यो विधालाई शिक्षितदेखि अशिक्षितसम्मका लागि पनि उपयोगी मानिन्छ । यस कथा विधाले सिकारुको सिर्जनात्मक क्षमताको विकास गर्ने भएकाले नयाँ-नयाँ लेख रचना तयार पार्नका लागि पनि एकदमै उपयोगी मानिन्छ । उल्लिखित शोधकार्य पूरा गर्न भनी निम्नलिखित अध्ययनको ढाँचा अवलम्बन गरिएको छ ।

समस्यासँग सम्बन्धित प्रश्नावली निर्माण

↓

विशेषज्ञ तथा पुस्तकालयबाट सामग्री सङ्कलन

↓

सङ्कलित सामग्रीहरूको वर्गीकरण तथा तालिकीकरण


↓

स्थापित सिद्धान्तका आधारमा सामग्रीको वर्णनात्मक विधिद्वारा विश्लेषण

↓

शोध प्रतिवेदनको निर्माण

उक्त अवधारणात्मक ढाँचालाई यसरी पनि देखाउन सकिन्छ :



# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

झापा जिल्ला गौरादह न.पा.मा अवस्थित विद्यालयहरूद्वारा कक्षा नौ र दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिका बारेमा गरिने यो अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचा अन्तर्गत रही गरिएको छ । यस अध्ययनद्वारा सम्बन्धित क्षेत्रको शिक्षण गतिविधिलाई प्रस्तुत गरिने हुँदा शिक्षणमा भए गरेका र शिक्षणमा थप कुन कुन विधि तथा कार्यकलापहरूमा सुधार गर्नु पर्ने हो, सो बारेमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूलाई सही मार्ग निर्देशनका लागि थप सुधारात्मक सल्लाह तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

अनुसन्धान कार्यमा अध्ययन विधि एक महत्त्वपूर्ण अङ्गका रूपमा रहेको हुन्छ । अध्ययनका क्रममा प्रयोग गरिएका विधिहरूबाट नै अध्ययनलाई प्रभावकारी र लक्ष्यपूर्ण बनाउन सकिन्छ । प्रस्तुत शोधकार्यमा सम्बन्धित क्षेत्रमा गई विभिन्न विधिहरू अङ्गीकार गरी तथ्य सङ्कलन र तिनको व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यका निमित्त सम्बन्धित विद्यालयहरूमा गई नेपाली विषयक शिक्षकहरूलाई प्रश्नावली फाराम भराइएको छ । मूलतः कक्षा अवलोकन विधिमा केन्द्रित रही आंशिक रूपमा पुस्तकालयीय विधिमा सीमित रही प्रस्तुत शोधकार्य पूरा गरिएको छ ।

## ३.२ जनसङ्ख्या नमुना र नमुना छनोट रणनीति

प्रस्तुत शोधकार्यका लागि झापाको गौरादह न.पा.मा अवस्थित विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरू तथा उनीहरूद्वारा प्रयोग गरिएका शिक्षण विधिलाई आधार सामग्रीका रूपमा लिइएको छ । यो शोधकार्य झापा गौरादह न.पा.मा अवस्थित ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयहरूमा कक्षा नौ र दशमा नेपाली भाषा शिक्षण गर्ने प्रत्येक विद्यालयका १-१ गरी जम्मा १० जना शिक्षकहरूलाई नमुनाको रूपमा लिइएको छ ।

कुनै पनि अनुसन्धानले हरेक गाउँठाउँहरूका महत्त्वलाई जानकारीमा ल्याउने भएकाले यो शोधकार्यले पनि झापा गौरादह न.पा .मा अवस्थित विद्यालयहरूको गतिविधिलाई प्रस्ट रूपमा जानकारी गराउन सकोस् भन्ने हेतुले यसै ठाउँलाई उपयुक्त मानिएको हो । यस शोधकार्यलाई विश्वसनीय बनाउन सम्बन्धित क्षेत्रमा अवस्थित विद्यालयहरूको अवलोकन, कक्षा अवलोकन,

पाठ्यक्रम तथा पाठ्यपुस्तक बीचको तालमेल तथा शिक्षकद्वारा अपनाइएका विधि र प्रक्रियाको प्रत्यक्ष अवलोकन गरिएको छ । र सोही आधारमा यस शोधकार्यमा सो तथ्याङ्कलाई प्रस्तुत गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत शोधकार्य झापा गौरादह न.पा.मा अवस्थित विद्यालयहरूमा कक्षा नौ र दशमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन सम्बन्धमा तयार पारिएको छ । प्रस्तुत अध्ययन कथा शिक्षण विधिमा आधारित हुने भएकाले सम्बन्धित क्षेत्रको स्थलगत रूपमा ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयहरूमा गई १० जना नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकन र अन्तर्वार्ता तथा शिक्षक प्रश्नावली फारामबाट प्राप्त उत्तरमा सीमित रहेर शोधकार्य पूरा गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

प्रस्तुत शोधकार्यलाई तथ्यपूर्ण र विश्वसनीय बनाउन स्थलगत रूपमा नै विद्यालय तथा कक्षा शिक्षण कार्यकलापको प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यसका साथै नेपाली विषय शिक्षकहरू, शोधकर्ता अग्रजहरूबाट थप सल्लाह र सुझाव लिइएको छ । सैद्धान्तिक पक्षको प्रस्तुतिका लागि शिक्षण विधि र प्रयोग सम्बन्धी प्रकाशित पुस्तकहरूबाट तथ्याङ्क लिइएको छ । मिल्दो विषयवस्तुसँग सम्बन्धित अन्य शोधार्थीहरूद्वारा तयार पारिएका शोधपत्रहरूलाई पनि शोधकार्य पूरा गर्न सहयोगी सामग्रीका रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

झापा गौरादह न.पा.का विभिन्न वडामा रहेका छनोटमा परेका ५ ओटा सामुदायिक र ५ ओटा सस्थागत विद्यालयहरूका नेपाली विषय शिक्षकहरूबाट शोधकार्य पूरा गर्न तयार पारिएका प्रश्नावली फाराम भराई त्यसैगरी प्रत्यक्ष कक्षा अवलोकन गरी, अवलोकनबाट प्राप्त तथ्याङ्कलाई अवलोकन फाराममा टिपोट गरी सो तथ्याङ्कको वर्णन विश्लेषणबाट शोधपत्र पूरा गरिएको छ । जसका लागि निम्न प्रकृतिका फारामहरूबाट तथ्याङ्क लिइएको छ ।

### ३.५.१ शिक्षक प्रश्नावली फाराम

प्रस्तुत शोधकार्य शिक्षक प्रश्नावली फारामबाट प्राप्त तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरी तयार पारिएको छ । उक्त प्रश्नावली फाराममा कक्षा ९ र १० मा कथा शिक्षण गर्दा बनाइका पाठयोजना, कथा शिक्षणको उद्देश्य, कथा शिक्षण विधि, सामग्री, मूल्याङ्कनको साधन र गृहकार्य जस्ता विविध गतिविधिहरूलाई समावेश गरी शिक्षकहरूको प्रतिक्रिया लिनका निमित्त शिक्षक प्रश्नावली फाराम भराइएको छ ।

### ३.५.२ कक्षा अवलोकन फाराम

शिक्षकले सैद्धान्तिक रूपमा शैक्षिक प्रश्नावली फाराम भराउने क्रममा दिइएका उत्तरहरूलाई कक्षाकोठामा व्यावहारिक रूपमा प्रयोग गरे-नगरेको के कस्तो अवस्था छ , ती विषयवस्तु समेटेर कक्षा अवलोकन फाराम तयार पारी अवलोकनबाट प्राप्त नतिजा अवलोकन फाराममा टिपोट गरिएको छ ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यको लागि तथ्याङ्क सङ्कलन गरिसकेपछि ती सूचना वा तथ्याङ्क व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्ययनमा कक्षा नौ र दशको कथा शिक्षणमा शिक्षकद्वारा अपनाइएका शिक्षण विधि र शिक्षण क्रियाकलापको अवस्था पहिचान गर्ने, शिक्षण विधिप्रति शिक्षकको धारणा पत्ता लगाउने मुख्य उद्देश्य रहेका छन् । ती उद्देश्य पूरा गर्नका लागि छनोटमा परेका झापा गौरादह न.पा.का ५ वटा सरकारी र ५ वटा संस्थागत विद्यालयहरूमा गई प्रत्यक्ष स्थलगत अवलोकनद्वारा तथ्याङ्क सङ्कलन गरिएको छ । प्रस्तुत शोधकार्यलाई प्रभावकारी र तथ्यपूर्ण बनाउनका लागि तयार पारिएका प्रश्नहरू र कक्षा अवलोकन फारामलाई छुट्टाछुट्टै रूपमा शिक्षणसम्बन्धी गतिविधि बुझ्नका लागि नेपाली विषयका अध्यापनरत शिक्षकहरूमा प्रयोग गरिएको छ ।

प्रस्तुत शोधकार्य पूरा गर्न सङ्कलित आवश्यक तथ्याङ्कलाई महत्त्व दिइएको छ, भने अनावश्यक तथ्याङ्क भए हटाई आवश्यकताअनुरूप राखिएको छ । यसका लागि पूर्व परीक्षण गरी कुनै ५ जना नेपाली विषयका शिक्षकहरूलाई प्रश्नावली फाराम भराई कक्षा अवलोकन पनि गरिएको छ । प्राप्त तथ्याङ्कको विश्लेषण पश्चात् शोध निर्देशक, विषय विशेषज्ञ तथा विज्ञहरूको

सुझावका आधारमा प्रश्नावली र कक्षा अवलोकन फारामको आवश्यक सुधार पनि गरिएको छ। प्रमाणित तथ्यका आधारमा यो शोधपत्र पूरा गर्ने अभिलाषा लिइएको छ।

# परिच्छेद चार

# नतिजाको व्याख्या एवम् विश्लेषण

## ४.१ कक्षा नौ दशमा कथा शिक्षणको अवस्था

"कथा शिक्षणका लागि प्रचलनमा रहेका शिक्षण विधिहरू मूलत : व्याख्यान विधि, छलफल विधि, प्रश्नोत्तर विधि, लेख प्रस्तुतीकरण विधि, गृहकार्य विधि, अभिनय विधि, पठनबोध विधि, कथाकथन विधि, प्रदर्शन विधि, समीक्षा विधि, तुलना विधि आदि देखिन्छन्" (नेपाली भाषा शिक्षण, दोस्रो मोदुल २०६२ : १६४) ।

उपर्युक्त विधिहरूको समुचित प्रयोगबाट शिक्षण प्रक्रिया अघि बढेको छ कि छैन वा के-कस्ता विधिहरू कथा शिक्षणमा प्रयोग भइरहेका छन् ? भन्ने शोधको उद्देश्य अनुरूप छनोटमा परेका विद्यालयहरूमा भद्रकाली मा.वि. गौरादह-८ केशवचन्द्र न्यौपाने, स्कुलचौन मा.वि. गौरादह-७ सीताराम नेपाल, जनता मा.वि. गौरादह-२ थानेश्वरी ढकाल, डोरामारी मा.वि. गौरादह-६ लोकनाथ दाहाल र प्रगति मा.वि. गौरादह-१३ विष्णुप्रसाद लुइटेल सामुदायिकतर्फका विद्यालय रहेका छन् भने संस्थागत विद्यालयतर्फ मकालु इङ्ग्लिस सेकेन्डरी स्कुल गौरादह-७ गोविन्द कठायत, गोल्डेन सन राइज इङ्ग्लिस सेकेन्डरी स्कुल, गौरादह-२ राजकुमार कार्की, विद्योदय शिशु सदन इङ्ग्लिस सेकेन्डरी स्कुल गौरादह-३ दिनेश खनाल, माउन्ड एभरेस्ट इङ्ग्लिस सेकेन्डरी स्कुल गौरादह-२ विजय कार्की, ज्ञानज्योति इङ्ग्लिस सेकेन्डरी स्कुल गौरादह-३ नरबहादुर अधिकारी रहेका छन् ।

उक्त विद्यालयहरूमा अध्यापनरत नेपाली विषय शिक्षकहरूबाट सामग्री सङ्कलनका निमित्त तयार पारिएका प्रश्न सूचीलाई आधार मानी दिइएको उत्तर तथा सम्बन्धित विषय शिक्षकको कथा शिक्षणका क्रममा गरिएको कक्षा अवलोकन तथा सम्बन्धित विद्यालयका प्र.अ. बाट प्राप्त पृष्ठपोषणका आधारमा यो शोध-पत्र तयार पारिएको छ ।

उक्त प्रश्नावलीको उत्तरका लागि सम्बन्धित विषय शिक्षकलाई सात दिनको समय दिइएको थियो भने कक्षा अवलोकन भने २०७३/०१/०७ देखि २०७३/७/१३ सम्ममा अलग अलग हप्ता पारेर कथा शिक्षण कै अवसरमा गरिएको थियो ।

## ४.२ कक्षा नौ दशमा कथा शिक्षणको प्रयोजन

नेपाली भाषा शिक्षणमा माध्यमिक तहका लागि सर्वाधिक उपयोगी विधाका रूपमा कथालाई लिइन्छ (भाषा शिक्षण दोस्रो मोडुल, २०६३ : १६३) । माध्यमिक तहमा कथा शिक्षण निम्न प्रयोजनका लागि गर्ने गरिएको पाइन्छ :

- सामान्य बोध क्षमताको विकासका लागि
- विभिन्न विषय क्षेत्रका शब्द भण्डारको वृद्धिका लागि
- भाषाका चारै सीप (सुनाइ, बोलाइ, पढाइ लेखाइ) विकासका लागि
- विभिन्न लेखन शैली आत्मसात् गर्नका लागि
- व्याकरण शिक्षणका लागि
- लेख्य चिह्न शिक्षणका लागि
- कथ्य भाषासित परिचित हुनका लागि
- उखान टुक्काको जानकारी र प्रयोगका लागि
- शब्दार्थ शिक्षणका लागि
- हरेक किसिमका पठन (द्रुत, सस्वर, मौन) का लागि
- सारांश लेखनका लागि
- स्मृति र अनुमान खेलका लागि
- साहित्यप्रति अभिरुचि जगाउनका लागि
- चरित्र निर्माणका लागि
- कल्पना क्षमताको विकासका लागि
- भाषिक संरचनाको अनुभव तथा क्षमता वृद्धिका लागि
- जिज्ञासु स्वभाव विकासका लागि

- सिर्जनात्मक तथा समालोचनात्मक क्षमता विकासका लागि

- घटना क्रम निर्धारण तथा बुँदा चयनका लागि ।

उपर्युक्त प्रयोजनका लागि कथा विधा शिक्षण गरिन्छ र कथाबाट ती प्रयोजन सहज ढङ्गले कार्यान्वयन पनि हुन्छन् ।

## ४.३ कक्षा नौ दशमा कथा शिक्षण गर्दा अपनाउन सकिने शिक्षण विधिहरू

नेपालभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षा शिक्षण गर्दा कथा विधा शिक्षणका लागि निम्न विधिहरू प्रयोगमा पाइए । ती विधिहरूको संक्षिप्त परिचय निम्नानुसार प्रस्तुत गरिएको छ :

**क) व्याख्यान विधि**

प्राय जसो विद्यालयहरूमा यो विधि ९०% प्रतिशतभन्दा बढी कक्षा शिक्षणमा प्रयोग भएको पाइन्छ । कथा शिक्षणका क्रममा कथाको सार कथन तथा भाव प्रस्तुतिमा यो विधि प्रभावकारी पनि मानिन्छ । कथा तत्त्वका आधारमा कथाको व्याख्या विश्लेषण गरिदिने प्रचलन नौ दश कक्षामा आंशिक मात्रामा भएको पाइयो । मर्मिक अंशको व्याख्या, मुख्य अंशको टिपोट आदि प्रक्रियाबाट व्याख्यान विधि कथा शिक्षणमा प्रयोग भएको पाइन्छ ।

यस विधिबाट विद्यार्थीहरूलाई कथाका मर्मिक पङ्क्तिको व्याख्या, विवेचना गर्न, कथाकथन गर्न, कथाको मूलभाव व्यक्त गर्न सहयोग पुगेको देखिन्छ ।

**ख) छलफल/प्रश्नोत्तर विधि**

“सम्बन्धित कथालाई कक्षा कार्य र गृहकार्यका रूपमा पढ्न लगाई तिनका महत्वपूर्ण पक्षहरूका बारेमा प्रश्न सोधी विद्यार्थीहरूलाई पाठ्य कथा बुझ्न प्रेरित गर्ने विधि छलफल /प्रश्नोत्तर विधि हो ।”(शर्मा-२०६७ : २७३) यस विधि अन्तर्गत शिक्षकले प्रश्न सोध्ने र उत्तर लिने मात्र नभई गृहकार्यका रूपमा विभिन्न प्रश्नहरू दिई कथाबाट उत्तर पहिल्याउन लगाउने पनि गर्न सकिन्छ । यस्तो कार्य व्यक्तिगत वा सामुहिक रूपमा गराउन सकिने देखिन्छ । यो विधि विद्यालय तहका लागि बढी प्रभावकारी पनि देखिएको छ । कक्षा नौ दशमा यस विधिको प्रयोग गर्दा

सैद्धान्तिक पक्षमा मात्र नभई बोधः शब्दभण्डार, भाषा तत्त्व, रचना आदिमा पनि अभ्यास गराउन सकिन्छ ।

### ग) तुलना विधि

यस विधि अन्तर्गत कुनै कथाको वा सम्बन्धित कथाको तुलना असम्बन्धित कथासँग गरिन्छ । यस्तो तुलना विशेष गरी सोही लेखकका अन्य सोही विधासँग गर्नु उपर्युक्त हुने देखिन्छ । कथा तत्त्वका आधारमा, सिद्धान्तका आधारमा, प्रणालीका आधारमा, गुण, रीति अलङ्कार, वस्तु तत्त्व आदि अनेक आधारमा कथा कथा विच तुलना गरेर शिक्षण गर्न सकिन्छ । यो विधि कक्षा नौ दशमा कथा शिक्षण गर्दा त्यति प्रभावकारी भने भएको पाइँदैन । यस तहका सिकारुहरूले कथाको सैद्धान्तिक पक्षको ज्ञान हासिल गरि नसकेको हुनाले सामान्यता आंशिक रूपमा मात्र यस विधिको प्रयोग गरिन्छ । यस विधिका माध्यमबाट शिक्षण गर्दा विवेचना गर्ने क्षमता बढ्ने तर्कशक्ति बढ्ने र ज्ञानको विस्तार हुने कुरामा समालोचकहरूको एक मत देखिन्छ ।

### घ) समीक्षा विधि

यो विधि समीक्षात्मक कार्यकलापमा केन्द्रित रहन्छ । यसमा कथाका गुण दोष पहिल्याउन लगाइन्छ त्यसैले यो विधि प्राय : ठूला कक्षाहरूमा मात्र बढी प्रभावित देखिन्छ । यसमा शिक्षक समस्या पस्किदिने व्यक्ति मात्र ठहर्छ । शिक्षकको भूमिका गौण हुने हुँदा गरेर सिक्ने विधिका रूपमा यसलाई लिन सकिन्छ तर स-साना कक्षामा कथा शिक्षण गर्दा भने यसको औचित्य नहुन सक्छ । यसले सैद्धान्तिक र कथा तत्त्वका रूपमा कथाको अध्ययन गर्ने भएकाले साना कथामा सैद्धान्तिक पक्षको कथागत ज्ञान दिइएको हुँदैन र त्यस तहमा सैद्धान्तिक र कथा तत्वगत ज्ञान दिइन्न पनि ।

यस विधि अन्तर्गत रहेर कथा शिक्षण गर्दा विद्यार्थीहरूलाई विधागत स्वरूप, विधाको भाव, लेखन कला प्रस्तुति आदि पक्षलाई दृष्टिगत गरिन्छ ।

### ङ) परियोजना विधि : (प्रतिवेदन प्रस्तुति विधि)

कथाकार र कथाका बारेमा विभिन्न आधारहरू तयार पारी तिनै आधारका आधारमा कथाकारका प्रवृत्तिगत विशेषता तथा कथाको विवेचना प्रस्तुत गर्नु परियोजना विधि हो । यसमा विद्यार्थीहरूलाई निश्चित आधार दिई कथाका गुण दोष छुट्याउन लगाइन्छ । कुनै कथाकार तथा

कथाका बारेमा प्रतिवेदन तयार पार्न लगाइन्छ र त्यसलाई कक्षामा प्रस्तुत गर्न लगाइन्छ । यसले कथाको र कथाकारको स्थान निर्धारण गर्दछ ।

यस विधिबाट शिक्षण गर्दा विद्यार्थीहरू सामान्य पाठकबाट माथि उठ्न सक्छन् । यो विधि विद्यार्थी केन्द्रित विधि हो । आफैँले सोध-खोज गरेर यो परियोजना कार्य पूर्ण गर्नुपर्ने भएकाले विद्यार्थीहरूमा खोज अनुसन्धान गर्ने बानीको विकास हुन्छ । यो विधि पनि आंशिक रूपमा मात्र कक्षा नौ दशमा उपयुक्त मानिन्छ (खोज अनुसन्धानको धारणा नै सिकारुहरूमा पूर्णरूपमा बसिनसकेको तह हुनाले आंशिक रूपमा कक्षा नौ दशमा यस विधिको प्रयोग भएको पाइन्छ ।

**च) पठनबोध विधि**

यो विधि सामुदायिक तथा संस्थागत विद्यालयका नौ दशमा बढी प्रचलित विधिका रूपमा चिनिन्छ । यस विधिमा कथा पढी वाची त्यसको सारांश लेख्न वा भन्न, बुँदा टिपोट गर्न, प्रश्नोत्तर गर्न, घटनाक्रम मिलाउन, विशिष्ट पङ्क्तिको व्याख्या गर्न र अर्थ बताउन जस्ता कार्यकलाप गराइन्छ । यो विधि परीक्षोपयोगी पनि भएकाले यसको प्रयोग प्रत्येक विद्यालयका नौ दश कक्षामा कथा शिक्षण गर्दा प्रयोग भएको पाइन्छ ।

यस विधिबाट विद्यार्थीहरूले वार्षिक परीक्षा केन्द्रित भएर अभ्यास गर्न सक्छन् किनकि परीक्षामा बुँदा टिपोट, सारांश लेखन, प्रश्नोत्तर, विशिष्ट पङ्क्ति व्याख्या जस्ता प्रश्नहरू सोधिन्छन् ।

**छ) कथा प्रस्तुतीकरण विधि**

यो विधि पनि तल्ला कक्षाहरूमा खासै प्रभावकारी मानिँदैन । यस विधिमा कथाका विविध पक्षका बारेमा व्याख्यान प्रस्तुत गरिसकेपछि कथाको कुनै एउटा पक्षका बारेमा विद्यार्थीहरूलाई लेख्न दिइन्छ र विद्यार्थीद्वारा कुनै निश्चित पक्षका बारेमा तयार पारिएको लेख कक्षामा प्रस्तुत गर्न लगाइन्छ ।

यसरी कसैद्वारा लेख प्रस्तुत गरिसकेपछि अरूबाट प्रस्तुत लेखमाथि टिप्पणि गर्न लगाइन्छ । टिप्पणि सही भए ती उठेका टिप्पणिलाई प्रस्तुत लेखमा समावेश गर्न लगाइन्छ । यति गर्दा पनि केही अपूर्ण भए शिक्षकले आवश्यक संशोधन गरी निष्कर्ष दिनुपर्छ ।

यस विधिबाट विद्यार्थीहरूलाई कथाको कुनै एक पक्षका बारेमा लेख तथा रचना प्रस्तुत गर्न सक्ने सीप हासिल गराउन सकिन्छ । यस विधिबाट कथा तत्त्वका आधारमा (उद्देश्य, पात्र, परिवेश, भाषाशैली) कुनै एक पक्षका बारेमा विद्यार्थीहरू आफ्नो धारणा राख्न सक्छन् ।

**ज) अभिनय विधि**

कुनै पनि विषयवस्तुलाई सहज ढङ्गले प्रस्तुति दिन अभिनय आवश्यक पर्छ । खासमा अभिनय कुनै विधिका रूपमा विकसित भइसकेको विधि चाहिँ होइन तैपनि सहयोगी विधिका रूपमा यो पठनबोध, कथाकथन, व्याख्यान आदि विधिमा मिसिन सक्छ ।

सामान्य शब्दमा १०० शब्द भन्नुभन्दा त्यसका बारेमा अभिनय गरेर ५ सेकेन्ड मात्र देखाउनु नै शिक्षणमा प्रभावकारी हुन्छ । नाटकीय तरिकाले कथामा भएको विषयवस्तुलाई प्रस्तुत गर्नु नै अभिनय विधि हो । यसमा शिक्षकद्वारा कथाको कुनै एउटा अंशको अभिनेयात्मक प्रस्तुति दिइन्छ र सोही आधारमा विद्यार्थीहरूलाई अभिनयात्मक शैलीबाट पात्र, परिवेश अनुकूल वाचन र कार्यकलाप गर्न लगाइन्छ । यसका लागि सर्वप्रथम पठनबोध हुनु अनिवार्य हुन्छ ।

यस विधिमा विद्यार्थी आफैँ सक्रिय हुन सक्छन् भने भाव समेटेर वाचन गर्न सक्षम पनि हुन्छन् ।

**झ) प्रदर्शन विधि**

यो पनि कुनै विकसित विधि होइन । यसलाई कथा शिक्षणको विधि अन्तर्गत प्रविधि वा प्रक्रियामा राख्न सकिन्छ तैपनि सामग्री प्रदर्शन, अभिनय प्रदर्शन पठन नमुना प्रदर्शन आदि गरेर कथा सहज शिक्षण गर्न सकिने भएकाले यसलाई पनि विधिकै रूपमा लिने गरिएको पाइन्छ ।

यस विधिद्वारा शिक्षण गर्दा अन्य विधिहरू पनि मिसिन आउँछन् । कथा कथन पनि एकखाले प्रदर्शन नै हो भने अभिनय, पठन नमुना, हाउभाउको प्रस्तुति आदि प्रदर्शन नै हुन्।

यो प्रविधिसँग सम्बन्धित हुन्छ । कथालाई वृत्तचित्र, फिल्म, नाटक आदिका माध्यमबाट प्रदर्शन गर्न सकिन्छ । नेपालका थोरै मात्र विद्यालयहरूमा यस्ता प्रविधिको पहुँच भएकाले यसको सफल प्रयोग भएको पाइँदैन ।

यसरी कथा शिक्षणका लागि माथि उल्लेख गरिएका बाहेक केही नाममा फरक विधिहरू पनि प्रक्रियामा देखिन्छ । ती मध्ये गृहकार्य विधि, कथाकथन विधि, खोजअनुसन्धान विधि आदिको उल्लेख

भएको पाइन्छ तर ती विधिहरू पनि अन्य माथि उल्लेख भएका विधिभित्रै समाविष्ट हुन सक्ने देखिन्छ ।

## ४.४ कथा शिक्षण गर्दाको शिक्षणक्रम

विधा शिक्षण गर्दा निश्चित क्रम अपनाउन जरुरी मानिन्छ । क्रमभङ्गतामा गरिएको शिक्षण उद्देश्यमुखी नहुन सक्छ । कथा शिक्षण गर्दा निम्न शिक्षण क्रम अपनाउन सकिन्छ :

**क) परिचय/विषय प्रवेश/प्रस्तावना**

यसमा विद्यार्थीको ध्यानाकर्षण गरिन्छ र लेखकको परिचय, कथागत प्रवृत्ति, कथाको परिचयात्मक चर्चा गरिन्छ । विशेष गरी विद्यार्थीहरूलाई कथाप्रति जिज्ञासु बनाउने चरणका रूपमा यस चरणलाई लिइन्छ ।

**ख) कथा कथन**

यस चरणमा सम्बन्धित कथाका बारेमा विस्तृत जानकारी गराइन्छ । कथाको मूल मर्म तथा पात्र परिवेश आदिका बारेमा यहाँ चर्चा गरिन्छ । त्यसपछि विद्यार्थीहरूलाई सोही रूपमा कथाप्रति उत्सुकता जगाउन गृहकार्यका रूपमा कथा पढेर विशिष्ट कथनमा रेखाङ्कन गर्न, घटनाक्रम टिपोट गर्न, पात्रको अवस्था चित्रण गर्न आदि कार्य दिन सकिन्छ ।

**ग) कठिन शब्दको निराकरण**

यस चरणमा शिक्षकले कठिन ठानेका शब्द वा विद्यार्थीले नबुझेका कठिन शब्द उखान-टुक्का, शब्दावली आदिको अर्थका बारेमा कक्षामा छलफल गराइन्छ । कथामा प्रयुक्त शब्द, शब्दावली उखान टुक्का आदिलाई सन्दर्भअनुसार वाक्यमा प्रयोग गर्न पनि लगाइन्छ ।

**घ) प्रश्नोत्तर**

यस चरणमा कथासँग सम्बन्धित संक्षिप्त प्रश्न तथा कथा तत्त्वका आधारमा विभिन्न प्रश्न तयार गरी प्रश्नोत्तर अभ्यास गराइन्छ । विद्यार्थीलाई कथासँग सम्बन्धित प्रश्नहरू सोधी उत्तर लिने प्रयास गरिन्छ । यसले विद्यार्थीको पकड कथामा कत्तिको रहेछ भन्ने बुझ्न सकिन्छ अथवा कथासँग विद्यार्थीहरू कति स्पष्ट हुन सकेका रहेछन् भन्ने प्रश्नोत्तर प्रक्रियाबाट थाहा हुन्छ ।

### ङ) व्याख्या तथा विश्लेषण

यस चरणमा प्रश्नोत्तरका आधारमा देखिएका विद्यार्थीका कमजोरी पक्षलाई सम्बोधन हुने गरी कथाका बारेमा व्याख्या विश्लेषण गरिन्छ । यसरी व्याख्या गर्दा कथाको आधार, कथाले ओगटेको विषय वस्तुको क्षेत्र, कथामा अनुबन्ध पात्र तथा ती पात्रको भूमिका आदिका बारेमा विद्यार्थीको सक्रिय सहभागिताका साथ कथाको व्याख्या विश्लेषण गरिनु पर्दछ ।

### च) विशिष्ट पङ्क्तिहरूको व्याख्या

कथामा प्रयुक्त विशेष उक्तिहरू, जसको स्पष्ट अर्थ विद्यार्थीहरूे बुझेका हुँदैनन्, को सन्दर्भको, प्रसङ्ग खुलाएर व्याख्या गरिदिनुपर्दछ र सोही अनुसार विद्यार्थीहरूलाई विशिष्ट पङ्क्ति छानी व्याख्या गर्न लगाउनु पर्दछ ।

### छ) भाषा तत्त्व

कथा शिक्षणको अन्त्यमा कथाका माध्यमबाट भाषिक नियम पनि शिक्षण गर्न सकिन्छ । यो भाषिक नियम शिक्षण कक्षा नौ दशसम्म मात्र सीमित हुन्छ । उच्च तहमा कथाका माध्यमबाट भाषा तत्त्व शिक्षण गरिन्न । माध्यमिक तहसम्म विधा शिक्षण भाषिक सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीप विकास गर्न गरिन्छ भने त्यहाँभन्दा माथिल्ला तहमा विधा शिक्षण विधागत चिनारी विधाको सैद्धान्तिक पक्षसँग बढी सम्बन्धित हुने देखिन्छ । अत : कक्षा नौ दशमा कथा शिक्षण क्रममा भाषा तत्त्वलाई पनि शिक्षण चरणमा राख्नु उपयुक्त हुन्छ ।

## ४.५ गौरादह न.पा. का विद्यालयहरूमा कक्षा नौ दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका विधिहरू

गौरादह नगरपालिका झापा जिल्लाको पश्चिम दक्षिण क्षेत्रमा रहेको भर्खरै मात्र नगरपालिका घोषित नव नगरपालिका हो । यसमा गौरादह, जुडोपानी, कोहबरा, महारानीझोडा गा.वि.स.लाई एकीकृत गरी गौरादह न.पा.को रूप दिइएको छ । झापा जिल्ला शैक्षिक गतिविधिमा अगाडि नै देखिन्छ त्यसमा पनि नगरपालिका भित्रका शैक्षिक गतिविधि प्रतिस्पर्धी नै हुने गर्दछन् किनकि शहरी क्षेत्रमा सामुदायिक र संस्थागत दुई प्रकृतिका विद्यालयहरू प्रयोगमा छन् । सरकारबाट लगानि गरिएका सामुदायिक विद्यालय र व्यक्तिगत लगानिमा खोलिएका संस्थागत विद्यालयहरू यस न.पा.मा पनि सरोवरजसो प्रयोगमा छन् ।

यस शोधकार्यमा उक्त न.पा.का ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय छनोटमा परेका छन् । ती विद्यालयहरूमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अवस्था यस शोध कार्यमा केलाउने प्रयास गरिएको छ ।

उक्त दशवटा विद्यालयमा नेपाली विषय शिक्षण गर्ने नेपाली विषय शिक्षकहरूलाई प्रश्नावली फाराम भर्न दिई सो प्रश्नावली फाराम तथा सम्बन्धित शिक्षकहरूको कक्षा अवलोकन गरी भरिएका कक्षा अवलोकन फारामका आधारमा प्राप्त सूचना र तथ्याङ्कलाई यहाँ प्रस्तुत गरिएको छ ।

यसमा सम्बन्धित शिक्षकले भरेको प्रश्नावली फाराममा उल्लेख भएका विधि तथा प्रयोग गर्ने तरिकाको अध्ययन गरी तिनै सूचनाको व्याख्या विश्लेषण र तालिकीकरण गरिएको छ । शिक्षकलाई भर्न दिइएको प्रश्नावली फाराममा जम्मा १४ वटा प्रश्न राखिएका छन् । ती प्रश्नको उत्तर स्वरूप पाइएका तथ्याङ्कलाई यहाँ विश्लेषण गरिएको छ ।

त्यसैगरी कक्षा अवलोकन फाराममा १० वटा अवलोकनका क्षेत्र छुट्याइएको छ । तिनै १० वटा अवलोकनका क्षेत्रमा उत्तम, मध्यम र निम्न गरी रेजा लगाइएको छ । तिनै रेजाका आधारमा यहाँ शिक्षकको कथा शिक्षण क्रियाकलापको मूल्याङ्कन गरिएको छ । खासगरी कथा शिक्षण गर्दा अपनाउन सकिने व्याख्यान, प्रश्नोत्तर/छलफल पठनबोध, अभिनय, कथाकथन, समीक्षा, तुलना, परियोजना, प्रदर्शन लेख प्रस्ततीकरण विधिमध्ये हाम्रा विद्यालयमा के-कस्ता विधि चाहिँ बढी प्रयोग हुँदै आइरहेका छन्, भन्ने तथ्य पत्ता लगाउने प्रयत्नस्वरूप यो शोधकार्य अघि बढेको छ ।

### ४.५.१ शिक्षक प्रश्नावलीका आधारमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरू

शिक्षकलाई उपलब्ध गराइएको प्रश्नावली फाराम र त्यस फाराममा शिक्षकले दिइएका प्रश्नको उत्तरका आधारमा सम्बन्धित विद्यालयहरूमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरू निम्नानुसार देखिन्छन् :

क) व्याख्यान विधि-९ दश मध्ये

ख) पठनबोध विधि - ३ दश मध्ये

ग) कथा प्रस्तुतीकरण विधि-३ दश मध्ये

घ) छलफल/प्रश्नोत्तर विधि -९ दश मध्ये

ङ) अभिनय विधि-६ दश मध्ये

च) खोज अनुसन्धान विधि-१ दश मध्ये

छ) प्रदर्शन विधि-३ दश मध्ये

ज) कथाकथन विधि-१ दश मध्ये

छनोटमा परेका १० वटा गौरादह न.पा. भित्रका विद्यालयको अवस्था हो यो । दशमध्ये नौ जना शिक्षकले व्याख्यान विधिको प्रयोग गर्ने गरेको प्रश्नावली फाराममा उल्लेख गरे भने एक जना शिक्षकले व्याख्यान विधिको उल्लेख गरेनन् । त्यस्तै पठनबोध विधिको उल्लेख ३ जनाले, कथा प्रस्तुतिकरण विधि-३ छलफल/प्रश्नोत्तर विधिको प्रयोग १० मध्ये नौ जनाले गर्छु भनेको पाइयो ।

अभिनय विधिलाई पनि ६ जनाले "प्रयोग गर्छु भनेर उल्लेख गरेको पाइयो भने" 'खोजअनुसन्धान विधिको प्रयोग गर्छु' भनेर एकजनाले प्रश्नको उत्तर दिँदा लेखेको पाइयो ।

कथाकथन विधिका माध्यमबाट १ जना शिक्षकले मात्र कथा शिक्षण गर्ने कुरा प्रश्नको उत्तरमा उल्लेख गरे ।

कथा शिक्षण गर्दा कुन कुन विधिको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरका रूपमा अधिकांशले ४ वटा विधिको उल्लेख गरेको पाइयो । कतिपयले विधिका नाममा प्रयोगात्मक विधि, शब्दार्थ शिक्षण विधि, प्रदर्शन विवरणात्मक विधि आदिको पनि उल्लेख गरेको पाइयो भने छलफल र प्रश्नोत्तरलाई अलग-अलग विधिका रूपमा उल्लेख गरेको पनि पाइयो ।

उक्त विद्यालयहरूमा शिक्षकले अपनाउने ज्यादाजसो विधि हरूमा, व्याख्यान, छलफल/प्रश्नोत्तर, अभिनय र पठनबोध विधि देखिए ।

कथा शिक्षणमा प्रयोग हुन सक्ने तुलना विधि, समीक्षा विधि, परियोजना विधि आदिको प्रयोग गर्छु भन्ने शिक्षक उक्त विद्यालयहरूमा पाइएन ।

सो विषयवस्तुको पुष्टिका लागि सोही प्रश्नावली फाराम छनोट क्षेत्रभन्दा बाहिरका विद्यालयमा शिक्षण गर्ने पाँच जना शिक्षकहरूलाई भर्न लगाइयो । उक्त छनोट बाहिरका विद्यलायका शिक्षकहरूले दिएको उत्तरमा पनि कथा शिक्षणमा प्रयोग गर्ने विधिका रूपमा सोधि ४ वटा विधि व्याख्यान, प्रश्नोत्तर, अभिनय र पठनबोध नै ८०% रूपमा उल्लेख भएका पाइए ।

यसबाट के पुष्टि हुन्छ भने हाम्रा विद्यालयहरूमा कथा शिक्षण गर्दा व्याख्यान, प्रश्नोत्तर, पठनबोध र अभिनय विधि नै अग्र पङ्क्तिमा रहेछन् । प्राय नेपाली विषय शिक्षकले कथा शिक्षण गर्दा उक्त विधिहरूलाई नै आत्मसात् गर्ने गरेको पाइयो ।

त्यसैगरी शिक्षण प्रभावकारी बनाउन कक्षा नौ दशमा कथा शिक्षण गर्दा कुन विधि प्रयोग गर्नुपर्ला ? भन्ने प्रश्नको उत्तरमा व्याख्यान प्रश्नोत्तर, छलफल, प्रदर्शन, अभिनय, छटना प्रस्तुति, पठनबोध, कथा लेखन कथा कथन विधि प्रयोग गरे शिक्षण बढी प्रभावकारी हुन सक्छ भन्ने उत्तर पाइयो ।

आफूले कक्षा शिक्षण गर्दा प्रयोग गरेका विधिबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा ९०% प्रतिशतले पूर्ण सन्तुष्ट छु भन्ने उत्तर दिएको पाइयो ।

यसरी कथा शिक्षण विधिका सन्दर्भमा उक्त गौरादह नगरपालिका भित्र रहेका छनोटमा परेका विद्यालयका नेपाली विषय शिक्षकले प्रयोग गर्ने गरेका शिक्षण विधि र सो छनोटमा रहेका शिक्षकहरूद्वारा प्रस्तुत शिक्षण विधिको विश्वसनीयताका लागि छनोट क्षेत्रभन्दा बाहिरबाट सङ्कलन गरिएका कथा शिक्षण विधिको अवस्था तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. : १ विधिको प्रयोग अवस्था

| विधि → / विद्यालय ↓ | व्याख्यान | प्रश्नोत्तर / छलफल | पठनबोध | कथा / प्रस्तुतीकरण | अभिनय | प्रदर्शन | कथा कथन | समीक्षा | परियोजना | तुलना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सामुदायिकतर्फ** | | | | | | | | | | |
| भद्रकाली मा.वि. | √ | √ | √ | √ | × | × | × | × | × | × |
| स्कुलचौन मा.वि. | √ | √ | × | × | √ | √ | × | × | × | × |
| जनता मा.वि. | √ | √ | × | √ | × | × | √ | × | × | × |
| डोरामारी मा.वि. | √ | √ | × | × | √ | × | × | × | × | × |
| प्रगति मा.वि. | √ | √ | √ | × | √ | × | × | × | × | × |
| **सस्थागततर्फ** | | | | | | | | | | |
| मकालु इ. मा.वि. | √ | √ | × | × | √ | √ | × | × | × | × |
| गोल्डेन इ. मा.वि. | √ | × | × | × | √ | × | × | × | × | × |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्योदय मा.वि. | × | √ | × | √ | √ | × | × | × | × | × |
| माउन्ट एभरेष्ट मा.वि. | √ | √ | √ | × | × | √ | × | × | × | × |
| ज्ञानज्योती इ.मा.वि. | √ | √ | × | × | × | × | × | × | × | × |
| **छनोट बाहिर** | | | | | | | | | | |
| सूर्योदय मा.वि., दमक | √ | √ | √ | × | √ | × | √ | √ | × | × |
| जनता मा.वि., इटहरा | √ | √ | √ | × | √ | × | × | × | × | × |
| महेन्द्र मा.वि., इटहरा | √ | √ | √ | × | × | × | × | × | × | × |
| मदरल्यान्ड इ. मा.वि., दमक | √ | √ | √ | √ | √ | × | × | × | × | × |
| राधिका मा.वि, उर्लावारी | √ | √ | √ | × | √ | × | × | × | √ | × |

उपर्युक्त शिक्षक प्रश्नावलीमा शिक्षकले दिएको उत्तर पनि कति विश्वसनीय भन्ने तर्क निस्कन सक्छ किनकि प्राय : कक्षाकोठामा नेपाली विषय शिक्षकले प्रयोग गर्ने विधिहरू मिश्रित रूपमै आउँछन् । व्याख्यान विधिसँगै छलफल/प्रश्नोत्तर, पठनबोध, अभिनय आदि विधि मिसिएर आउँछन र शिक्षकले ती विधिहरू प्रयोग गरिरहेको पनि हुन्छ तर सवै विधिहरू प्रक्रियाका रूपमा फेरिन्छन् । एउटा विधि मुख्य हुन्छ भने अरु सहायक विधिहरू हुन सक्छन् ।

शिक्षकद्वारा तुलना विधि, समीक्षा विधि, परियोजना विधि पनि प्रयोग गरिएका पाइए तर प्रश्नावलीमा भएका प्रश्नको उत्तर लेख्दा कसैले पनि तुलना विधि, परियोजना विधि, समीक्षा विधि प्रयोग गरिन्छ भनेर लेखेको पाइएन ।

सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरूद्वारा विद्यार्थीहरूलाई केही मात्रमा क्रियाकलापमा सहभागी गराइएको पाइयो भने संस्थागत विद्यालयमा शिक्षकको निर्देशन र शिक्षक केन्द्रित कार्यकलापमा नै विद्यार्थीको सहभागिता देखियो ।

यो विधि र त्यो विधिको प्रयोग गर्छु भने पनि सबै विद्यालयको शिक्षण शैली र विद्यार्थी सहभागिता एउटै प्रकृतिको पाइयो ।

## ४.५.२ कक्षा अवलोकन फारामका आधारमा कथा शिक्षणमा विधिको प्रयोग ४.५.२.१ सामुदायिक तर्फका विद्यालयहरू

यो शोध कार्य पूरा गर्नका लागि सामग्री सङ्कलनार्थ शोधकर्ता स्वयम् सम्बन्धित विद्यालयमा गई शिक्षकको कक्षा अवलोकन गरेको थियो । उक्त कक्षा अवलोकन जम्मा १० वटा शीर्षकमा केन्द्रित रही गरिएको थियो । अवलोकनका विषयहरू थिए :

क) पाठ/पाठयांश सुहाउँदो शिक्षण विधि छनोट

ख) पाठयांश अनुसार उद्देश्य छनोट

ग) उद्देश्य प्राप्तिका लागि सामग्री निर्माण

घ) उद्देश्य प्राप्तिका लागि सामग्रीको सही प्रयोग

ङ) उद्देश्य प्राप्तिमा शिक्षकको भूमिका

च) छात्रछात्राहरूमा उत्प्रेरणा जगाउने काम

छ) विद्यार्थीहरूको पाठप्रतिको उत्सुकता

ज) विधि र उद्देश्य प्राप्ति अनुकूल कार्यकलाप

झ) उद्देश्य अनुसार मूल्याङ्कन

ञ) कार्यकलापमा विद्यार्थी सहभागिता

उक्त अवलोकनका क्षेत्र अन्तर्गत छनोटमा परेका विद्यालयहरूको नतिजा यस प्रकार पाइयो

**क) भद्रकालो मा.वि. गौरादह-८ (विषय शिक्षक केशवचन्द्र शर्मा)**

शिक्षण गरेको विषय -नेपाली

शिक्षण गरेको पाठ-निद्रा (कथा)

शिक्षण गरेको पाठ्यांश : सस्वर वाचन

सम्बन्धित विषय शिक्षकद्वारा प्रश्नावली फाराममा पठनबोध विधि व्याख्यान विधि, छलफल/प्रश्नोत्तर विधि, शब्दार्थ शिक्षण विधि ? लेख प्रस्तुतीकरण विधि प्रयोग गर्छु भनिएको छ। सम्बन्धित शिक्षकको कक्षा अवलोकनमा पनि सोही विधिहरू प्रयोग भएका पाइए। निज शिक्षकको कक्षा अवलोकनबाट शिक्षण विधि छनोट उत्तम, कक्षा कार्यकलाप- उत्तम, उद्देश्य छनोट-उत्तम, मूल्याङ्कन-मध्यम विद्यार्थी सहभागिता-मध्यम, उद्देश्य, प्राप्तिमा शिक्षकको भूमिका-मध्यम, सामग्री निर्माण र प्रयोग-मध्यम, विद्यार्थीहरूमा उत्प्रेरणा-मध्यम र पाठप्रति छात्रछात्राको उत्सुकता-निम्न रहेको पाइयो।

उक्त अवलोकन फाराममा सम्बन्धित विद्यालयका प्र.अ.सहित सम्बन्धित शिक्षकको कक्षा अवलोकन गरी प्र.अ.को परामर्शसहित लिई शिक्षकको मूल्याङ्कन गरिएको थियो।

**ख) स्कुलचौन मा.वि. गौरादह-७ (विषय शिक्षक-सीताराम नेपाल)**

शिक्षण गरेको कक्षा-दश

शिक्षण गरेको विषय-नेपाली

शिक्षण गरेको पाठ-कर्तव्य (कथा)

शिक्षण गरेको पाठ्यांश : शब्दार्थ शिक्षण र वाक्यमा प्रयोग शिक्षण

सम्बन्धित शिक्षकद्वारा शिक्षक प्रश्नावली फाराममा कक्षा शिक्षण गर्दा व्याख्यान, छलफल/प्रश्नोत्तर प्रदर्शन अभिनयात्मक विधि प्रयोग गर्छु भनिएको छ। निजको कक्षा अवलोकनमा उक्त फाराममा उल्लेख गरेको भन्दा फरक “पठनबोध” विधिका माध्यमबाट शिक्षण भएको पाइयो। प्राय माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकले यो विधि कथा शिक्षणमा प्रयोग गरेकै हुन्छ। निज शिक्षकबाट पनि सोही विधि प्रयोगमा देखियो। निज शिक्षकको कक्षा अवलोकनको अवस्था निम्नानुसार रहयो :

विधि छनोट - मध्यम, कार्यकलाप-मध्यम, उद्देश्य छनोट-उत्तम, उद्देश्य अनुसार मूल्याङ्कन-मध्यम, विद्यार्थी सहभागिता-मध्यम, शिक्षकको भूमिका-मध्यम, सामग्री निर्माण-निम्न, सामग्री प्रदर्शन निम्न, उत्प्रेरणा-उत्तम, छात्रछात्राहरूको उत्सुकता-मध्यम

सम्बन्धित शिक्षकको कक्षा अवलोकन पनि सम्बन्धित विद्यालयका प्रधानाध्यापकज्यूको संलग्नतामा गरिएको थियो र प्र.अ.कै परामर्श र कक्षाको वस्तु स्थितिबाट उक्त नतिजा निकालिएको हो ।

**ग) जनता मा.वि.गौरादह-२ (विषय शिक्षक-थानेश्वरी ढकाल)**

शिक्षण गरेको कक्षा-नौ

शिक्षण गरेको विषय -नेपाली

शिक्षण गरेको पाठ-अनारको बोट (कथा)

शिक्षण गरेको पाठ्यांश-भाव बोध

सम्बन्धित शिक्षकद्वारा कथा शिक्षणमा अपनाउने विधिहरूमा प्रश्नोत्तर, व्याख्यान, कथाकथन/लेखन छलफल जस्ता विधिहरू उल्लेख गरिएका छन् । सम्बन्धित शिक्षकको कक्षा अवलोकनबाट पनि सोही विधिहरू प्रयोगमा पाइए । निजको कक्षा अवलोकनबाट निम्न नतिजा निकाल्न सकियो :

विधि छनोट-उत्तम, कार्यकलाप-उत्तम, उद्देश्य छनोट-मध्यम मूल्याङ्कन-उत्तम, विद्यार्थी सहभागिता-मध्यम, सामग्री निर्माण-मध्यम सामग्री प्रदर्शन-मध्यम, उत्प्रेरणा-उत्तम, उत्सुकता-उत्तम ।

सम्बन्धित विद्यालयका नेपाली विषयका अन्य शिक्षकसहितको कक्षा अवलोकन र परामर्शबाट उक्त नतिजा निकालिएको हो ।

**घ) श्री डोरामारी मा.वि. गौरादह-६ (विषय शिक्षक-लोकनाथ दाहाल)**

शिक्षण गरेको कक्षा-दश

शिक्षण गरेको विषय-नेपाली

शिक्षण गरेको पाठ-दोषी चस्मा (कथा)

शिक्षण गरेको पाठ्यांश-बोध (प्रश्नोत्तर)

यस विद्यालयमा शिक्षण गर्ने नेपाली विषय शिक्षकद्वारा “कथा शिक्षणमा छलफल, प्रश्नोत्तर, व्याख्यान, अभिनय विधि प्रयोग गर्छु” भनी उल्लेख गरेको पाइयो । सम्बन्धित शिक्षकको कक्षा

अवलोकनबाट पनि सोही विधिहरू नै कक्षा शिक्षणमा अवलम्बन भएका पाइए/निज शिक्षकको कक्षा अवलोकनबाट निम्नानुसारको नतिजा निकाल्न सकियो ।

शिक्षण विधि छनोट-उत्तम, कक्षा कार्यकलाप-उत्तम, उद्देश्य छनोट-मध्यम, मूल्याङ्कन-मध्यम, विद्यार्थी सहभागिता-उत्तम, शिक्षकको भूमिका-उत्तम, सामग्री निर्माण र प्रयोग-मध्यम, उत्प्रेरणा-उत्तम उत्सुकता-उत्तम रहेको पाइयो ।

निज शिक्षकको कक्षा अवलोकन पनि सोही विद्यालयका प्र.अ. तथा अन्य नेपाली विषय शिक्षकहरूको संलग्नतामा गरिएको थियो । प्र.अ. र सहयोगी शिक्षकको परामर्श तथा कक्षा अवलोकनबाट प्राप्त नतिजाका आधारमा उक्त नतिजा तयार पारिएको हो ।

**ङ) प्रगति मा.वि. गौरादह-१३ (विषय शिक्षक : विष्णु प्रसाद लुइँटेल)**

अध्यापन गरेको कक्षा-नौ

अध्यापन गरेको विषय-नेपाली

अध्यापन गरेको पाठ-निद्रा

अध्यापन गरेको पाठ्यांश-बुँदा टिपोट र सङ्क्षेपीकरण

सम्बन्धित शिक्षकद्वारा “व्याख्यान, छलफल/प्रश्नोत्तर, अभिनय र पठनबोध विधि प्रयोग गर्छु” भनेर उल्लेख भएको छ । सम्बन्धित शिक्षकको कक्षा अवलोकनबाट पनि सोही विधिहरू प्रयोग भएका पाइए । कक्षाको समग्र पक्षको मूल्याङ्कन गर्दा निज शिक्षकको प्रस्तुति निम्नानुसार पाइयो :

शिक्षण विधि छनोट-उत्तम, उद्देश्य छनोट-मध्यम, कार्यकलाप-मध्यम, मूल्याङ्कन-मध्यम,

विद्यार्थी सहभागिता-उत्तम, शिक्षकको भूमिका-मध्यम, सामग्री निर्माण-निम्न, सामग्री प्रदर्शन-मध्यम, उत्प्रेरणा-उत्तम, उत्सुकता-मध्यम ।

सम्बन्धित शिक्षकको कक्षा अवलोकन त्यसै विद्यालयका प्र.अ. तथा अन्य २ जना सहयोगी शिक्षकको संलनतामा गरिएको थियो ।

### ४.५.२.२ संस्थागततर्फका विद्यालयहरू

संस्थागत विद्यालयहरूमा गौरादह न.पा.बाट मकालु अङ्ग्रेजी माध्यमिक विद्यालय गौरादह-६ गोल्डेन सनराइज अङ्ग्रेजी मा.वि. गौरादह-२ विद्योदय अङ्ग्रेजी मा.वि. गौरादह-३ माउन्ट एभरेष्ट अङ्ग्रेजी मा.वि. गौरादह-२ र ज्ञानज्योति अङ्ग्रेजी मा.वि. गौरादह-३ लाई नमुना विद्यालयका रूपमा लिइएको थियो ।

उक्त विद्यालयमा शिक्षण गर्ने नेपाली विषय शिक्षकद्वारा शिक्षक प्रश्नावली फाराममा उत्तरका रूपमा दिइएका उत्तरहरू र कक्षा अवलोकनबाट प्राप्त नतिजालाई यहाँ प्रस्तुत गरिएको छ ।

**क) मकालु अङ्ग्रेजी मा.वि. गौरादह-७ (विषय शिक्षक-गोविन्द कठायत)**

शिक्षण गरेको कक्षा-दश

शिक्षण गरेको विषय-नेपाली

शिक्षण गरेको पाठ-न्यायको पक्ष (कथा)

शिक्षण गरेको पाठ्यांश-सस्वर वाचन/शुद्धोच्चारण

निज शिक्षकद्वारा शिक्षक प्रश्नावली फाराममा "म कथा शिक्षण गर्दा व्याख्यान, छलफल तथा अभिनय विधि प्रयोग गर्छु" भनेर उल्लेख गरिएको छ । कक्षा शिक्षणमा पनि अभिनय विधिकै प्रयोग गरी शिक्षण गरेको पाइयो ।

सम्बन्धित विद्यालयका प्रिन्सिपल तथा शोधकर्ता स्वयम्‌बाट भएको कक्षा अवलोकनबाट निज शिक्षकको कक्षाबाट निम्नानुसारको उपलब्धि पाइयो :

विधि छनोटमा-उत्तम, कार्यकलाप-मध्यम, उद्देश्य छनोट-उत्तम मूल्याङ्कन-मध्यम, विद्यार्थी सहभागिता-मध्यम, सामग्री निर्माण-मध्यम, सामग्री प्रदर्शन-निम्न, उत्प्रेरणा-उत्तम उत्सुकता-मध्यम ।

**ख) गोल्डेन सनराइज अङ्ग्रेजी मा.वि. गौरादह-२ (वि.शि.राजकुमार कार्की)**

शिक्षण गरेको कक्षा : दश

शिक्षण गरेको विषय-नेपाली

शिक्षण गरेको पाठ-न्यायको पक्ष (कथा)

शिक्षण गरेको पाठ्यांश- वाक्यमा प्रयोग

सम्बन्धित शिक्षकद्वारा “म कथा शिक्षण गर्दा कथाको व्यावहारिक पक्षसँग केन्द्रित रही व्याख्यात्मक विधि प्रयोग गर्छु” भन्ने उल्लेख गरिएको छ । अन्य थप विधि के हुन सक्लान् ? भन्ने प्रश्नको उत्तरमा उदाहरणात्मक विधि र अभिनय विधि प्रयोग गर्न सकिने कुरा बताइएको छ ।

यसरी कक्षा शिक्षण गर्दा प्रयोग हुने विधिमा व्याख्यान विधि र अभिनय विधि सम्बन्धित शिक्षकबाट व्यक्त गरिए । कक्षा शिक्षणका क्रममा कक्षा अवलोकन गर्दा भने निजद्वारा पठनबोध अनि प्रश्नोत्तर विधिसँग मिल्दा कार्यकलाप गरिँदै गराइँदै थिए । निज शिक्षकको कक्षा अवलोकनबाट निम्न नतिजा निकाल्न सकियो :

शिक्षण विधि छनोट-मध्यम, कक्षा कार्यकलाप- उत्तम, उद्देश्य छनोट-मध्यम, मूल्याङ्कन-उत्तम, विद्यार्थी कार्यकलाप-उत्तम, उद्देश्य प्राप्तिमा शिक्षकको भूमिका-उत्तम, सामग्री निर्माण र प्रयोग-मध्यम, छात्राछात्राहरूमा उत्प्रेरणा-उत्तम, छात्राछात्राहरूको पाठप्रतिको उत्सुकता-उत्तम ।

सम्बन्धित शिक्षक शिक्षण विधि र प्रक्रियासँग पूर्ण विज्ञ नभए पनि शैक्षिक वातावरण अनुकूल बनाउन भने सीपालु देखिए ।

**ग) विद्योदय शिशु सदन मा.वि. गौरादह-३ (वि.शि. : दिनेश खनाल)**

अध्यापन गरेको कक्षा : नौ

अध्यापन गरेको विषय :नेपाली

अध्यापन गरेको पाठ : अनारको बोट -कथा)

अध्यापन गरेको पाठ्यांश : सस्वर वाचन

सम्बन्धित शिक्षकद्वारा कुनै स्पष्ट विधि उल्लेख गरिएको पाइएन । "कथा प्रस्तुति शैली, शब्दार्थ, प्रश्नोत्तर, घटनालाई सिल सिलेवार रूपमा लेखन र प्रस्तुतिको सीपमूलक विधि अपनाउँछु ।" भन्ने भनाई सम्बन्धित शिक्षकद्वारा कथा शिक्षण गर्दा कुनकुन विधिको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरस्वरूप राखिएको छ । उक्त भनाइलाई आधार मानेर निज शिक्षकले अपनाउन सक्ने विधिमा छलफल/प्रश्नोत्तर, व्याख्यान, अभिनय र लेख प्रस्तुतिकरण विधि जस्ता विधि पर्ने देखिए ।

सम्बन्धित शिक्षकद्वारा प्रश्नावली फाराममा जे लेखिएको भए पनि कक्षा अवलोकनमा भने सन्तोषजनक पाइयो । विधि छनोट-उत्तम, कार्यकलाप-उत्तम, उद्देश्य छनोट-मध्यम, मूल्याङ्कन-मध्यम, विद्यार्थी सहभागिता-उत्तम, सामग्री निर्माण-उत्तम, प्रदर्शन-मध्यम, उत्प्रेरणा-मध्यम, उत्सुकता-मध्यम रहेको पाइयो ।

कक्षा अवलोकनका लागि सम्बन्धित विद्यालयका प्र.अ. सहित शोधकर्ता स्वयम् कक्षामा सम्बन्धित घन्टीमा उपस्थित भई उक्त नतिजा प्रस्तुत गरिएको हो ।

घ) माउन्ट एभरेष्ट अङ्ग्रेजी मा.वि. गौरादह-२ (वि.शि. विजय कार्की)

शिक्षण गरेको कक्षा : दश

शिक्षण गरेको विषय : नेपाली

शिक्षण गरेको पाठ : कर्तव्य (कथा)

शिक्षण गरेको पाठ्यांश : भाव बोध

सम्बन्धित शिक्षकद्वारा, "कक्षा नौ दशमा कथा शिक्षण गर्दा प्रदर्शन विधि, प्रश्नोत्तर विधि प्रयोग गर्छु र प्रभावकारी शिक्षणका लागि अन्य व्याख्यान र पठनबोध विधि प्रयोग गर्न सकिन्छ" भन्ने कुरा शिक्षक प्रश्नावली फाराममा उल्लेख गरिएको छ । निज शिक्षकको कक्षा अवलोकन गर्दा पनि सोही विधिहरूकै प्रयोग भएको पाइयो । सम्बन्धित विद्यालयका प्र.अ. तथा अन्य सहयोगी शिक्षक साथीहरूको संलग्नतामा निज शिक्षकको कक्षा अवलोकन गरिएको थियो । विधि छनोट-उत्तम, कक्षाकलाप-मध्यम, मूल्याङ्कन-उत्तम विद्यार्थी सहभागिता मध्यम, शिक्षकको भूमिका-उत्तम, सामग्री निर्माण र प्रयोग-निम्न, उत्प्रेरणा-उत्तम छात्राछात्राहरूको उत्सुकता-उत्तम रहेको पाइयो ।

ङ) ज्ञानज्योति इङ्ग्लिस सेकेन्डरी स्कुल, गौरादह-३ (वि.शि. : नर ब. अधिकारी)

शिक्षण गरेको कक्षा : दश

शिक्षण गरेको विषय : नेपाली

शिक्षण गरेको पाठ : न्यायको पक्ष (कथा)

शिक्षण गरेको पाठ्यांश : विशिष्ट पङ्क्ति छनोट र व्याख्या

सम्बन्धित शिक्षकद्वारा कक्षा नौ र दश कक्षामा कथा शिक्षणका लागि व्याख्यान, प्रश्नोत्तर/छलफल, प्रदर्शन विधि प्रयोग गरिने कुरा शिक्षक प्रश्नावली फाराममा उल्लेख गरिएको छ । निज शिक्षकको कक्षा अवलोकनबाट पनि सोही कुरा पाइयो । निजद्वारा उल्लेख गरिएका विधिहरूबाहेक पठनबोध विधि र अभिनय विधि थप प्रयोग भएका पाइए ।

सम्बन्धित विद्यालयका प्रिन्सिपल तथा अन्य दुई जना सहयोगी शिक्षक साथीहरूको साथमा कक्षा अवलोकन गरिएको थियो । शिक्षण विधि छनोट-उत्तम, कक्षाकलाप-उत्तम, उद्देश्य छनोट-मध्यम, मूल्याङ्कन-उत्तम, विद्यार्थी सहभागिता-मध्यम, शिक्षकको भूमिका-मध्यम, सामग्री निर्माण-निम्न, सामग्री प्रदर्शन-निम्न उत्प्रेरणा-उत्तम, उत्सुकता-मध्यम प्रकृतिको कक्षा अवलोकनबाट पाइयो ।

समग्र विद्यालयको कथा शिक्षण गर्दा कक्षा नौ दशमा प्रयोगमा आउन सक्ने शिक्षण विधि र ती विधिहरूको कक्षाकोठामा प्रयोगको अवस्थालाई तालिका यसरी प्रस्तुत गर्न सकिन्छ :

तालिका नं.२ : अवलोकन फारामबाट प्राप्त नतिजा

| विद्यालयको नाम | पठ्यांस सुहाउँदो शिक्षण विधि | | | पाठ्यांस अनुसार उद्देश्य छनोट | | | पा.अनुसार सामग्री निर्माण | | | सामग्रीको उचित प्रयोग | | | उद्देश्य प्राप्तिमा शिक्षकको भूमिका | | | पाठ प्रतिको उत्प्रेरणा | | | विद्यार्थी उत्सुकता | | | उद्देश्य र विधि अनुसार कार्यकलाप | | | उद्देश्यअनुसार मूल्याङ्कन | | | कार्यकलापमा विद्यार्थी सहभागिता | | | छनोट गरिएका विधि संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | उ | म | नि | |
| भद्रकाली मा.वि. | √ | | | √ | | | | √ | | | √ | | | √ | | | √ | | | √ | | √ | | | | √ | | | √ | | ४ |
| स्कुलचौन मा.वि. | | √ | | √ | | | | | √ | | | √ | | √ | | √ | | | | √ | | | √ | | | √ | | | | √ | ३ |
| जनता मा.वि. | √ | | | | √ | | | √ | | √ | | | √ | | | √ | | | √ | | | √ | | | √ | | | | √ | | ४ |
| डोरामारी मा.वि. | √ | | | √ | | | | √ | | | √ | | √ | | | √ | | | √ | | | √ | | | √ | | | √ | | | ३ |
| प्रगति मा.वि. | √ | | | | √ | | | | √ | | √ | | | √ | | √ | | | | √ | | | √ | | | √ | | √ | | | ३ |
| मकालु इ. मा.वि. | √ | | | √ | | | | √ | | | | √ | √ | | | | √ | | √ | | | | √ | | | √ | | | √ | | ३ |
| गोल्डेन स. इ.मा.वि. | | √ | | | √ | | | √ | | | √ | | | √ | | √ | | | | √ | | √ | | | √ | | | √ | | | २ |
| विद्योदय मा.वि. | √ | | | | √ | | √ | | | | √ | | √ | | | | √ | | | √ | | √ | | | | √ | | √ | | | ४ |
| माउन्ट एभरेष्ट मा.वि. | √ | | | | √ | | | | √ | | | √ | √ | | | √ | | | √ | | | | √ | | √ | | | | √ | | ५ |
| ज्ञानज्योती इ.मा.वि. | √ | | | | √ | | | | √ | | | √ | | √ | | √ | | | | √ | | √ | | | √ | | | | √ | | ३ |

### ४.५.३ गौरादह न.पा. का विद्यालयहरूमा कक्षा नौ दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका विधिहरूको विश्लेषण

नेपाली कथा शिक्षण गर्दा कक्षा नौ र दशमा प्रयोग गर्न सकिने शिक्षण विधि र विधि प्रयोगका कार्यकलापको अवस्था माथि प्रस्तुत गरियो । नेपाली कथा शिक्षण गर्दा प्रयोग गर्न सकिने ६-७ वटा विधिहरू त्यहाँ उल्लेख भएका पाइए । (व्याख्यान, छलफल/प्रश्नोत्तर, तुलना, समीक्षा, परियोजना, पठनबोध, कक्षा प्रस्तुतीकरण ) तर परिस्थिति अनुसार अभिनय विधि, प्रदर्शन विधि तथा अन्य विधिका माध्यमबाट पनि कथा शिक्षण गर्न सकिन्छ (शर्मा र अन्य, २०६७ : १७४) ।

सम्बन्धित विद्यालयमा अध्यापन गर्ने एकैजना शिक्षकले पनि सबै विधिको उल्लेख गरेको पाइएन । विधिसँग सम्बन्धित प्रश्नहरू प्रश्नावली फाराममा पनि उल्लेख भएका थिए:

१. कथा शिक्षण गर्दा तपाई कुन कुन विधि प्रयोग गर्नुहुन्छ ?

२. कक्षा नौ दशमा कथा शिक्षण गर्दा कुनकुन विधिको प्रयोग गरेमा शिक्षण प्रभावकारी हुन्छ ?

३. तपाईले प्रयोग गरेका विधिबाट तपाई सन्तुष्ट हुनुहुन्छ ?

९. कथा शिक्षण गर्दा व्याख्यान, प्रश्नोत्तर/छलफल, पठनबोध - बाहेक अन्य विधिको कम प्रयोग भएको देखिन्छ, किन होला ? कि तपाई यीबाहेक अन्य विधि प्रयोग गर्नुहुन्छ ?

यी सबै प्रश्नको उत्तर दिइसक्दा पनि कसैले पनि प्रयोग गरिने शिक्षण विधि ६ पुऱ्याउन सकेको छैन । कतिपयले त माथि ९ नं. मा उल्लेख भएको प्रश्न नै पढेको पाइएन, किन कि कथा शिक्षण गर्दा कक्षा नौ दशमा कुनकुन विधि उपयुक्त होलान् भन्ने २ नं. को प्रश्नको उत्तर त ९ नं. प्रश्नमा पनि छ तर त्यसमा कसैको ध्यान पुग्न सकेको देखिँदैन ।

अझ पद्धति, विधि, प्रविधि र प्रक्रियाको अन्तर विद्यालयका केही शिक्षकलाई मात्र ज्ञात छ कि ! भन्ने आशङ्का पनि उब्जन सक्ने देखियो । एम.एड. प्राय सबैले गरेको पाइयो तर शब्दार्थ शिक्षण विधि, विवरणात्मक विधि, उदाहरणात्मक विधि, प्रयोगात्मक विधि आदि जस्ता विधि कथा शिक्षणमा प्रयोग गर्न सकिने प्रश्नावलीमा उत्तर दिइएको पाइयो ।

अर्को पक्ष पनि हुन सक्छ, शोधकर्ता अवलोकन गर्न स्थानीय स्तर बुझेर आएको हुँदैन, उसले औपचारिकता पूरा गर्ने मात्र हो, जे लेखेर दिए पनि हुन्छ भन्ने मनसायले घर गरेको हुन

सक्छ, अन्यथा पद्धति, विधि, प्रविधि र प्रक्रियाका बीचको अन्तर नबुझ्री स्नातकोत्तर उत्तीर्ण गरी शिक्षण पेशामा आबद्धता जनाइँदैन र जनाएको पनि हुँदैन होला ।

प्रश्नपत्रको प्रश्न नं. ९ मा उल्लेख भएका विधिबाहेक अभिनय विधि, लेखप्रस्तुतीकरण विधि जस्ता दुई विधिको २० प्रतिशतले उल्लेख गरेको पाइयो । प्रश्न नं. ३ को प्रश्न "तपाईले शिक्षणका लागि प्रयोग गरेका विधिबाट तपाई सन्तुष्ट हुनुहुन्छ ? को उत्तरमा ९० प्रतिशतले पूर्ण सन्तुष्ट छु भन्ने उत्तर दिइएको पाइयो ।

विधि, उद्देश्य र मूल्याङ्कनमा सामुदायिक विद्यालय केही प्रतिशत अघि पाइए, अथवा सैद्धान्तिक ज्ञान सामुदायिक विद्यालयका शिक्षकहरूलाई हुने तथ्य अघि आयो भने कार्यकलाप र विद्यार्थीलाई कार्यकलापमा सहभागिता गराउने, उत्प्रेरणा जगाई छात्र-छात्राहरूलाई उत्साहित बनाउने कुरामा भने सामुदायिक विद्यालयका शिक्षक पछि रहेको पाइयो ।

त्यस्तै संस्थागत विद्यालयका नेपाली विषय शिक्षकहरू मिहिनेती र लगनशील पाइए तर विधि, उद्देश्य, मूल्याङ्कन छनोट, प्रयोगमा भने कमजोर देखिए । कक्षा अनुशासित रहने, देखावटीकै लागि भए पनि बाहिरको (अज्ञात) मानिस कक्षामा उपस्थित भए कक्षा शान्त रहने संस्थागत विद्यालयको विशेषता पाइयो ।

सामुदायिक तथा संस्थागत दुवैतर्फका शिक्षकहरूको एउटा साझा मान्यता भनेको परम्परित शैलीमा नै शिक्षण गर्नु रहेको पाइयो । अझ संस्थागत विद्यालय यस प्रक्रियामा सामुदायिक विद्यालयभन्दा एक कदम अगाडि देखिए ।

विद्यार्थीलाई पढाउने भन्दा पनि कुनै समुहमा गई सम्बोधन गर्ने जस्तो शैलीमा शिक्षण कार्य भएको पनि पाइयो । शिक्षक कक्षा कोठामा प्रवेश गर्दा विद्यार्थीले उठेर सम्मान गर्ने, बस भनेपछि बस्ने पृष्ठ ? पल्टाओ भनी, शिक्षकले निर्देशन दिने, विगतको घण्टीमा भएका कुरा सरसरती भन्ने अनि आजका कुरा सुरु गर्ने, कक्षामा शिक्षकको त्यो एकोहोरो आलापमा कसैले बाधा पुऱ्याउन खोज्यो भने त्यसलाई हप्काउने थर्काउने । आफ्ना कुरा सकेर बुझ्यौ भन्ने अनि भोलि हामी यो ?? पढ्छौ भनी कक्षाबाट निस्कने ।

यस प्रक्रियामा पनि सामुदायिक र संस्थागत विद्यालयमा आंशिक भिन्नता पाइयो । सामुदायिक विद्यालयमा आफूले भनिसके पछि ल तिमीहरू पढ भनेर आफू त्यहाँको क्रियाकलापबाट विमुख हुने अनि कक्षा कोठामा कुस्ताकुस्ती र घम्साघम्सी पनि चल्ने गरेको पनि पाइयो भने केही


नानीहरूले स्वविकेकले आफूले पढ्ने गरेको र नजानेको अंश (शब्द, अर्थ, उत्तर ....) भरे भोलि शिक्षकलाई सोध्ने गरेको पनि पाइयो ।

संस्थागत विद्यालयमा शिक्षक स्वतन्त्र देखिएन । कक्षामा हल्ला हुन दिन उसले पाएन । ४५/५० मिनेटको पूर्ण कथ्य खुराक लिएर ऊ कक्षाकोठामा गएको पाइयो । उसले भनेको कुरा नसुन्ने हिम्मत पनि कसैले गर्नु भएन किन कि शारीरिक दण्डको अवधारणा त्यहाँबाट हटेको पाइएन । फेरि त्यहाँ चर्को पैसा तिरेका अभिभावकहरू चासो राख्न आइ पनि पुग्छन्, कुन घण्टीमा कुन सरले कति समय पढाउनु भो ? भनेर बुझ्न ।

यसरी गौरादह नगर पालिकाभित्र रहेका पाँचवटा सामुदायिक पाँच वटा संस्थागत विद्यालयमा गई कक्षा नौ दशमा कथा शिक्षण गर्दा प्रयोग गरिने विधि र तिनको प्रभावकारिताका बारेमा गरिएको यस अध्ययनमा सम्बन्धित विद्यालयका, शिक्षकहरूद्वारा मूलत : व्याख्यान छलफल/प्रश्नोत्तर, पठन बोध, लेखप्रस्तुतीकरण, अभिनय विधि र प्रदर्शन विधि प्रयोग गरिएको तथ्याङ्क देखियो । यी विधि लाई शतप्रतिशत विधि मान्दा १० जनाबाट प्रश्नावली फारामको उत्तर दिंदा ३४ पटक विधिको नाम उल्लेख भएको छ । जसमा व्याख्यान विधिको नाम नौ पटक, प्रश्नोत्तर/छलफल विधिको पनि नौ पटक, अभिनय विधिको नाम ६ पटक र प्रदर्शन विधि कथा प्रस्तुति विधिको नाम ३/३ पटक र पठन बोध विधिको नाम ३ पटक दोहोरिएको छ । खोज अनुसन्धान विधि भनेर १ पटक आएको छ भने कथाकथन विधि भनेर पनि एक पटक आएको छ ।

खोज अनुसन्धान विधि कक्षा नौ दशमा प्रयोग नहुने देखिएकाले र कथाकथन विधिलाई कथा प्रस्तुतिकरण विधि मै समाविष्ट गर्न सकिने भएकाले १० जना शिक्षकबाट दिइएका विधिका नाममा औसतमा १:३.४ पर्न आउने देखिन्छ । यस गौरादह न.पा.मा कक्षा नौ दशमा कथा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिलाई शतप्रतिशत मानी वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :

चित्र नं. १ : विधि प्रयोगको अवस्था




३६०° डिग्रीको वृत्तचित्रमा ९३.६° व्याख्यान विधिले ओगटेको छ भने सोही आधारमा छलफल/पश्नोत्तर विधिको प्रयोग देखिन्छ । त्यसपछि अभिनय विधि ६४.८ लेखप्रस्तुतीकरण विधि ४३.४ नै देखिन्छ भने पठनबोध र प्रदर्शन विधिले ३२.४°/३२.४° ओगटेको देखिन्छ ।

प्रतिशतका आधारमा हेर्ने हो भने व्याख्यान विधि २६.५% छलफल/प्रश्नोत्तर विधि २६.५% अभिनय विधि १७.५% लेख प्रस्तुतीकरण विधि ११.५% पठन बोध ९% र प्रदर्शन विधि ९% प्रयोग भएको पाइयो ।

## ४.६ छनोट भएका विधिको उद्देश्यसँगको सम्बन्ध

कक्षा नौ दशमा शिक्षण गर्दा बढी मात्रामा विद्यार्थी केन्द्रित विधि छनोट गर्नुपर्ने हुन्छ । सिकारुलाई सक्षम गराउनु यस तहको उद्देश्य हो । सुनाइ, बोलाइ, पढाइ लेखाइ जस्ता भाषिक सीप हासिल गराउन कथा शिक्षण गरिन्छ । तोकिएको उपलब्धि हासिल गराउन जे-जे विधि अपनाइन्छ

ती सबै शिक्षण विधि नै हुन् । हामीकहाँ सैद्धान्तिक पक्ष एकातिर रहेको छ भने व्यावहारिक पक्ष अर्को पाटामा ढल्किएको पाइन्छ ।

कतिपय विद्यालयमा विषय शिक्षकको अभावमा जसले पढाए पनि हुने विषयका रूपमा नेपालीलाई लिइन्छ भने अझ त्यसमा कथा त सुन्दै पुग्छ भन्ने मान्यता पनि राखिन्छ । सामाजिक समूह र भाषा विषयका प्रश्नको निश्चित र प्रष्ट उत्तर नै हुँदैन जे लेखे पनि अलेली ठिक जति नै राम्रो लेखे पनि अलेली बेठीक भइरहेको पाइन्छ । शिक्षक साथीहरू “नेपालीमा पनि ९० माथि अङ्क आउँछ त ? यो गणित हो र ? भन्न पछि पर्नुहुन्न । हामीले नेपालीमा ९० माथि अङ्क ल्याउने गरी पठाएनौ कि पढ्न चाहेनौँ कि वास्तवमै ९० माथि नेपालीमा अङ्क आउँदैन ?

एउटा विद्यार्थीले शिक्षक साथीहरूलाई उक्त प्रश्न सोध्यो भने उत्तर के हुने ? विधि भनेको उच्च उपलब्धि हासिल गर्नका लागि हो । घरव्यवहारमा योजना भए जस्तै शिक्षणमा विधि उत्तिकै आवश्यक कुरा हो तर शिक्षणमा विधि सैद्धान्तिक मात्रै बन्दै गइरहेको छ व्यावहारिक पक्ष शिक्षण विधिको कमजोर नै देखिन्छ । यसले गर्दा पनि कुन विधि ? किन ? के का लागि प्रयोग गर्ने ? भन्ने बारेमा शिक्षक साथीहरूलाई अद्यावधिक बनाउन सकिइरहेको अवस्था पाइएन ।

कक्षा नौ दशमा नेपाली विषयका तहगत सक्षमता १७ वटा कक्षा नौ मा सुनाइबोलाइ सीप-१५ पढाइ सीप-११, लेखाइ सीप १२ र कक्षा-दशमा सुनाइ र बोलाइ सीप-१७ पढाइ सीप-१५ लेखाइ सीप-१५ वटा किटान गरिएको छ, जसको प्राप्तिका लागि निम्न कार्यकलाप अपनाउनु भनिएको छ :

१. क्रियाकलाप

क) प्रस्तुतीकरण : सिकारुको अनुभव परिवेश आदिलाई ख्याल गरी केही कुरा प्रस्तुत गर्नु ।

ख) अभ्यास : प्रस्तुत गरिएका विषय माथि अभ्यास गराउनु ।

ग) उत्पादन : स्वशैलीमा भाषाको प्रयोग गर्न सक्ने अवस्था सिर्जना गर्नु ।

घ) पठनबोध : प्रश्नोत्तर अभ्यास गराउनु ।

ङ) प्रयोगात्मक कार्य : निबन्ध, चिठी, संवाद, कथा लेखन अभ्यास

च) पृष्ठपोषण : समूहगत कार्य गरी एकले गरेको कार्यमा अर्काको सहमति जुटाउने काम

२. बहुबौद्धिकता

३. आलोचनात्मक सोच

४. सहकार्यत्मक कार्य

५. विधाका माध्यमबाट सीपको शिक्षण

६. सीपहरूमा आधारित क्रियाकलाप

उपर्युक्त कार्यकलापका लागि उपर्युक्त उल्लेखित विधिहरू कुनै पनि शतप्रतिशत उपलब्धिहरू मूलक देखिँदैनन् । ती विधिहरू उच्च तहमा शिक्षण गर्न उपयुक्त होलान् तर व्याख्यान विधि, प्रश्नोत्तर/छलफल विधिले कथा शिक्षण गरिँदैन । कथा शिक्षणको उद्देश्य भाषाको वर्ण विन्यास, भाषाको शब्द भण्डार, भाषामा प्रयुक्त पदावली प्राविधिक तथा पारिभाषिक शब्दको प्रयोग क्षेत्र, शब्दको बनोट, वाक्यको बनोट, वाक्यले प्रसङ्गगत दिने अर्थको बोध गराउनु हो, जुन विधा शिक्षणका लागि माथिल्लो तहका लागि लेखिएका विधिहरू उल्लेख गरेर पार लाग्न सक्ने देखिँदैन । कथा भाषिक सीप सिकाउन केही बढी सरल हुन्छ भन्ने हेतुले विधा छनोट गरिएको पनि हो किनकि घटनाको तारतम्य सुन्ने सुनाउने र एकपटक सुनेको नबिर्सने नेपाली सामाजिक परम्परा रहि आएको छ । हजुरबा-आमाबाट सुनेका कथा अहिले पनि हामीलाई कन्ठै भएको प्रसङ्गले सो कुराको पुष्टि पनि गर्छ ।

अत : अहिलेका माध्यमिक तह सम्मका (९-१०) कक्षाहरूमा कथा शिक्षणलाई विधा शिक्षण भनेर नबुझ्न र नबुझाउन खोजे राम्रो हुने देखिन्छ । त्यही भएर होला कि कक्षा नौ मा विधागत परिचय नगराएको !

परिवर्तितत पाठ्यक्रमा आधारित रही पाठ्यक्रम पाठ्यपुस्तकको मर्म बुझेर शिक्षण गर्नका लागि अब विधिमा भन्दा प्रक्रियामा बढी केन्द्रित हुनुपर्ने आवश्यकता देखिन्छ । माध्यमिक तहका कक्षा नौ र दशमा शिक्षण गर्दा विधिभन्दा तात्कालिक परिस्थितिको गहन अध्ययन गरी सोही अनुसार कार्यकलाप गर्न गराउन सके उपलब्धि उच्च हुने देखिन्छ ।

अत : पाठ्यक्रमको उद्देश्य र हामीले विश्वविद्यालय पढ्दा रट्टा लगाएका विधि बिच कतिपय अवस्थामा तालमेल नखाने देखिन्छ । विधि सिद्धान्त हो भने कक्षा कोठा भित्रको शिक्षण

सिकाइ कार्यकलाप व्यवहार । सिद्धान्त र व्यबहारबिच तालमेल ल्याउन प्रयोग कर्ता (शिक्षक) वर्तमान समय सन्दर्भसँग परिचित हुन नितान्त जरुरी देखियो ।

## ४.७ कक्षा नौ दशमा कथा शिक्षणका क्रममा देखिएका समस्याहरू

शिक्षा लिने दिने परम्परा परापूर्वकालबाट चल्दै आइरहेको छ । शुरु अवस्थामा पनि शिक्षा लिने दिने प्रचलनमा कठिनाइ थियो र अहिले पनि त्यो कठिनाइ छँदै छ । सिकाइ स्थानान्तरण हुने कुरा हो तर यो सामान स्थानान्तरण जस्तो एक ठाउँबाट अर्को ठाउँ सर्ने कुरा पनि होइन । सीप विकासमा एकातिरको सीप सर्लक्क सरेर अर्का तिर शुन्य बन्ने अवस्था हुँदैन । पूर्ण पूर्ण नै रहन्छ बरु अझ परिपूर्णता तिर लाग्छ भने सिकारुमा नयाँ सीप हासिल हुन्छ त्यसैको यो प्राविधिकता र बौद्धिकताको मेल हो । प्रविधिले मात्र पनि सिकाइ सहज हुन्न भने बौद्धिकताले मात्र पनि सिकाइ स्थानान्तरणमा गति ल्याउन सक्दैन ।

एउटै कक्षाका ५०/६० जना सिकारु मध्ये एउटाले एकपटकको प्रयोगमा उक्त कुरा सिकिसकेको हुन्छ भने कसैले २/४ पटकमा त कसैले दशौँ पटकको प्रयोगमा पनि उक्त सीप हासिल गर्न सकिरहेको हुँदैन । त्यसैले यसलाई प्राविधिक र बौद्धिक पक्षको “मेल” का रूपमा लिइएको हो ।

सिकाइमा प्रभाव पार्ने तत्त्वहरू प्रशस्त हुन सक्छन् । तीमध्ये पनि सिक्ने परिवेश, सिकाउने विधि र सिक्न चाहने उत्सुकता बढी प्रभावी देखिन्छन् । कस्तो परिवेशमा सिकाउने ? कसरी सिकाउने ? सिक्ने व्यक्ति तयार छ छैन ? भन्ने कुराको हेक्का नराख्ने हो भने सिकाइ फलदायी बन्न सक्दैन । त्यसैले सम्बन्धित कक्षाहरूमा कक्षा शिक्षणमा के कस्ता समस्या देखिए त ? त्यसका बारेमा यहाँ चर्चा गरिएको छ ।

### ४.७.१ सामुदायिक विद्यालयतर्फका समस्या

सामुदायिक विद्यालय नेपाल सरकारको प्रशस्त लगानि भएका विद्यालयहरू हुन, जसमा समुदायको पनि आंशिक आर्थिक लगानि रहेको पाइन्छ । उक्त विद्यालयहरूको संरक्षण समुदायबाट र अनुगमन सरकारी निकायबाटै हुँदै आएको छ । नेपाल सरकारको तलबभत्ता खाने गरिका स्थायी, अस्थायी लियन, सट्टा, राहत, शिक्षकको व्यवस्था भएको कर्मचारी सम्मको व्यवस्था सरकारले गरेका यस्ता विद्यालयहरू संस्थागत विद्यालयहरू भन्दा जेठा पनि देखिन्छन् । गौरादह न.पा.मा रहेको छनोटमा परेका मध्ये सबैभन्दा जेठो विद्यालय प्रगति

मा.वि., गौरादह-१३ देखिन्छ, जसको स्थापना वि.स. २०१८ सालमा भएका पाइन्छ । त्यस्तै अन्य विद्यालय पनि २०४० सालभन्दा अगाडि नै स्थापित भइसककेका देखिन्छन् । ती विद्यालयमा विषय शिक्षक, शिक्षक दरवन्दी पनि विद्यार्थी अनुपात सुहाउँदो नै छ ।

यति हुँदाहुँदै पनि विद्यालय भित्र शैक्षिक समस्या छन् । समस्या थुप्रै क्षेत्रमा छन् तर यहाँ विधिमा समस्या पत्ता लगाउने प्रयास गरिएको छ । सामुदायिक विद्यालयका नेपाली विषय शिक्षकहरू शैक्षिक प्रमाणपत्र, तालिम, विद्यालय उपस्थिति, कक्षा जाने आउनेमा सबल नै देखिए । प्राय सबै विद्यालयमा स्थायी शिक्षक नै रहेको पाइयो । सबैको सेवावधी १० वर्ष माथि २५-३० वर्षको हाराहारीको देखियो । तैपनि उक्त विद्यालयहरूमा निम्नानुसारका समस्या पाइए :

**क) सक्षमतामा आधारित शिक्षण विधि छनोट नहुनु**

आज विज्ञान र प्रविधिले दिनदिनै संसारलाई नयाँ स्वरूप दिइ रहेको छ । हिजोको सक्षम व्यक्ति आजै असक्षम बन्न सक्छ । बढीमा प्रत्येक १०/१० वर्षमा पाठ्यक्रम परिवर्तन भइरहेको छ तर प्राय : आयोग पास गरेर स्थायी नियुक्ति लिएका दिनदेखि विषयवस्तुसँग अधावधिक भइरहने परम्परा लगभग हामीबाट हराउँदै गएको देखिन्छ । त्यही समस्या सम्बन्धित विद्यालयका शिक्षक शिक्षिकाहरूमा पनि पाइयो । पद्धति, विधि प्रविधि र प्रक्रियाका बिचको अन्तर पनि हामीले बिर्सदै गएको देखियो । जसको केही चर्चा अगाडि गरिसकिएको छ ।

सक्षमतामा आधारित विधि छनोट गर्नमा शिक्षकमा समस्या देखियो । कुन विधा शिक्षण गर्दा कुन विधि प्रयोग गर्ने, विधिलाई प्रविधिमार्फत् कसरी सिकारु समक्ष पुऱ्याउने भन्ने समस्या आजका सरकारी विद्यालयका नेपाली विषय शिक्षकसँग रहेको पाइयो जसले गर्दा सिकाइ प्रभावकारी बन्न सकेको देखिएन ।

**ख) परम्परित शिक्षण प्रणाली हावी हुनु**

शिक्षक आफैँमा सक्षम हुन सक्छ तर प्रणाली र पुरानो पद्धतिले उसलाई पनि सोही परम्परित पद्धतितर्फ डोहोऱ्याउँछ । जहाँ कम मिहिनेत गर्नुपर्छ, मानिसको त्यसतर्फ बढी आकर्षण हुन्छ । कक्षामा जाने, पढ पढ भन्ने कसैले हल्ला गरे मनिटर खटाउने वा नसिहतको त्रास देखाई चुप गराउने वा त्यसतर्फ ख्यालै नगर्ने, भ्याएका बेला वा मन लागेका बेला गुरूकुलीय परम्परा जस्तो शिक्षकको सर्वोच्चतामा कक्षामा विषयवस्तुका बारेमा केही भनिदिने परिपाटी पाइयो ।

"विधा विधि, प्रविधि र प्रक्रियाका कुरा परै छोडौं, शिक्षक कक्षामा गइदिए हुन्थ्यो" केही विद्यालयका प्र.अ. को गुनासो सुनिन्थ्यो । सामुदायिक विद्यालयमा समयसँगै पढ्ने पढाउने प्रक्रियामा बदलाव नआएको हुँदा पनि शिक्षण विधि छनोटमा समस्या आएको देखियो ।

**ग) पाठयोजनाको अभाव**

एउटा शिक्षकले वार्षिक, अर्धवार्षिक, त्रैमासिक, एकाइगत पाठगत र दैनिक पाठयोजना ढाँचा तयार गर्दा शिक्षण विधि प्रभावकारी हुने हो तर प्राय सामुदायिक विद्यालयका शिक्षकहरूद्वरा उपर्युक्त योजनाहरू कागजी रूपमा बनाइएको पाइएन । "हिजो र आजको पाठगत सम्बन्ध दिमागमा छँदैछ नि" भन्ने उत्तर दिन अभ्यस्त शिक्षकहरूद्वारा दिमागी पाठयोजना लिएर मात्रै कक्षा शिक्षण गरिने हुँदा पनि विधि छनोट र प्रयोगमा समस्या देखियो ।

**घ) सामग्री निर्माण र प्रदर्शनमा न्यूनता**

"विधि उचित छनोट गर्ने तर विधिको प्रयोग अवस्थामा आवश्यक सामग्री निर्माण र प्रदर्शन भने नगर्ने" समस्या पनि भेटियो । विधि आफैंमा केही होइन, यो त प्रक्रियामा देखिने कुरा हो तर प्रक्रिया अघि बढाउन सामग्री नै नभए पछि कसरी विधि सफल बन्ने ?

**ङ) विधा के का लागि शिक्षण गर्ने भन्ने विषयमा नै अन्योलता**

"साहित्यका विधाहरू भाषिक सीप शिक्षणका साधन हुन ।" (माध्यमिक शिक्षा पाठ्यक्रम : २०७१ : ३९) साहित्यिक विधालाई शब्दभण्डार, वर्ण विन्यास, कार्यमूलक व्याकरणमा उपयोग गर्नु अनिवार्य हुन्छ तर माध्यमिक तहमा कथा शिक्षण कथा सुन्न कथा सुनाउन , प्रश्नोत्तर लेख्न लेखाउनमा बढी केन्द्रित छ, जसले गर्दा पनि विधि छनोट उद्देश्यसँग मिल्न सकिरहेको देखिदैंन ।

**च) विद्यार्थी सहभागिता न्यून**

शिक्षामा लगानि गर्नुपर्छ भन्ने अभिभावकले सामुदायिक विद्यालयलाई पत्याउन छोडेको देखियो । मसँग प्रशस्त पैसा छ मात्र हैन मसँग पैसा नै छैन तर नानीहरूलाई राम्रो पढाउँछु भन्ने सोच भएकाले पनि सामुदायिक विद्यालयमा आफ्ना नानीहरू पढ्न पठाएको पाइएन । सामुदायिक स्कुल बाध्यताले जानेहरूको स्कुल जस्तो देखियो । सामुदायिक स्कुलमा आफ्ना नानीहरू पठाउने अभिभावकले शिक्षामा पनि लगानि गर्नुपर्छ भन्ने सोच्न सकेको पाइएन किनकि आज स्कुलमा के पढाइ भयो ? कुन कुन विषयको गृहकार्य दिएको छ ? जस्ता प्रश्नहरू सामुदायिक

विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका अभिभावकले चासो राखेको पाइएन जसले गर्दा शिक्षकहरू आफ्नो उत्तरदायित्वतर्फ सजग भएनन् । प्रक्रियामुखी शिक्षण भयो, सहभागितामूलक भएन । विद्यार्थीहरू स्वयम्ले म शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुनुपर्छ भन्ने बोध गर्न सकेनन् जसले सिकाइमा विद्यार्थी सहभागिता न्यून रहयो । त्यसले पनि विधि प्रभावकारी बन्न नसकेको पाइयो ।

## ४.७.२ संस्थागत विद्यालयतर्फका समस्या

संस्थागत विद्यालयको शुरुवात् नै २०२९ साल यता मात्र भएका पाइन्छ । अझ यस प्रकृतिका विद्यालयलाई सरकारबाट अनुमति लिई निश्चित व्यक्तिद्वारा सञ्चालन गरिएका विद्यालय भनेर बुझे हुन्छ । गौरादह न.पा. भित्र खोलिएका यस्ता निजी विद्यालयहरू वि.सं. २०३८ साल यता मात्र सञ्चालनमा आएका देखिन्छन् । संस्थागत विद्यालयहरूलाई शिक्षामा लगानी गर्नुपर्छ भन्ने अभिभावकको साथ छ । शिक्षण सिकाइको परिवेश छ । प्रतिस्पर्धाको भावना छ । घरमा विद्यार्थी पुग्ने बित्तिकै आमाबुबाको निगरानी छ । पढाइकै लागि भनेर स्कुल समयभन्दा बाहिर संस्थागत स्कुलमा पढ्ने नानीहरूका लागि समय छुट्याइन्छ । शिक्षक छनोट गर्न सम्बन्धित विद्यालय प्रशासन आफू स्वतन्त्र पनि छ । यति हुँदाहुँदै पनि संस्थागत विद्यालयमा पनि निम्न समस्याहरू पाइए :

**क) संस्थागत विद्यालयमा नेपाली विषयलाई त्यति महत्त्व नदिइनु**

संस्थागत विद्यालयले विषयगत शिक्षकका हकमा फरक व्यवहार गरेको पाइयो । अङ्ग्रेजी माध्यमबाट पढ्ने पढाउने उक्त स्कुलहरूमा नेपाली विषय शिक्षक एक्लो भएको पाइयो । सातवटा अन्य विषय अङ्ग्रेजी माध्यमबाटै पढाइ हुने र नेपाली विषय नेपाली माध्यमबाट पढाइ हुने भएकाले नेपाली विषयलाई कमजोर विषयका रूपमा विद्यालय भित्र व्याख्या गर्ने गरेको पाइयो । प्राय डक्टर, इन्जिनियर, नर्स पाइलट, चार्टर्स एकाउन्टेन्ट .... जस्ता प्राविधिक पक्षमा उच्च शिक्षा हासिल गराउने उद्देश्य बोकेका अभिभावकका नानीहरूले संस्थागत विद्यालय रोज्ने गरेको पाइन्छ । कमसे कम पनि B.B.A, M.B.A गराउने लक्ष्य हुन्छ, बावु आमाको; जसका लागि नेपाली जान्नु पर्छ भन्ने उनीहरूलाई लाग्दै लाग्दैन । नगरोन्मुख ठाउँमा विषय शिक्षक छनोट गर्दा पनि कसले सबैभन्दा सस्तोमा पढाउँछ, त्यसलाई नेपाली विषय शिक्षकका रूपमा नियुक्त गरिन्छ । यति हो ऊसँग प्रमाणपत्र चाहिँ हुनुपर्‍यो । कतिपय अवस्थामा त संस्थागत विद्यालयमा प्रमाण पत्र पनि खोजिन्न ।

घर परिवार, विद्यालय परिसर सबैतिर नेपाली सामान्य विषय हो, यसमा उच्च सीप हासिल गर्न आवश्यक छैन, विज्ञान, गणित र अङ्ग्रेजी राम्रो जाने भै हाल्छ नि भन्ने चर्चा परिचर्चाले यो सस्थागत विद्यालयमा कक्षा नौ र दश मा अध्ययन गर्ने छात्राछात्रहरूले पनि नेपाली विषयका साहित्यिक र भाषिक सीपसँग त्यति महत्व राख्दैनन् र शिक्षकलाई पनि अन्य शिक्षक भन्दा निरिह सम्भन पुग्छन् । यहीँबाट सिकाइमा समस्या उत्पन्न भएको पाइन्छ ।

यस क्षेत्रमा पनि सोही समस्या देखियो । प्राय : स्कुलका शिक्षकहरू विधि र प्रत्रियाका बारेमा स्पष्ट धारणा नभएका पाइए । व्याख्यामा जोड दिने त्यहाँको समस्या देखियो । विद्यार्थीले पनि "नेपाली त हो पास गरिहालिन्छ" भनेको पाइयो । उनीहरू कार्यकलापमा जवर्जस्ती सक्रिय भए जस्ता देखिए तर अन्तरआत्माबाट शिक्षण सिकाइ क्रियाकलाप र अभ्यासमा क्रियाशील भएनन् । यसैकारण शिक्षण विधि प्रभावकारी हुन सकेन । विधिको प्रयोग समस्याभित्र देखियो ।

**ख) पूर्व योजनाबिना शिक्षण सिकाइ कार्यकलाप गर्नु गराउनु**

प्रभावकारी शिक्षण नहुनुको कारण विना तयारी कक्षामा जानु पनि हो । जतिसुकै समस्या भए पनि एउटा शिक्षक योजनाबद्ध कक्षामा प्रवेश गर्ने हो भने सबै समस्या चिरिन्छन् तर बिना योजना कक्षा अन्यौलग्रस्त हुन्छ र उपलब्धि हासिल हुन सक्दैन ।

यहाँ यो समस्या पनि देखियो । व्यक्तिको संस्थामा काम गरेको भए पनि शिक्षकका छाता संगठनहरूका आश्रयमा सामुदायिक विद्यालयका शिक्षकको सिको संस्थागत विद्यालयका शिक्षकले सिक्दै गएको पाइयो । बिना सामग्री र बिना योजना कक्षामा प्रवेश गर्ने अनि आफ्ना कुरा राख्ने र समय भएपछि निस्कने प्रक्रियाका कारण पनि छनोट भएको विधि प्रभावकारी बन्न सकेको देखिएन ।

**ग) शिक्षकलाई शिक्षण विधि र शिक्षणक्रम थाहा नहुनु**

शिक्षण विधि र क्रममा टिकेको हुन्छ । कतिपय संस्थागत विद्यालयका शिक्षक साथीहरूलाई शिक्षण विधि विधागत रूपमा फरक हुन सक्छन् भन्ने नै थाहा नभएको पाइयो भने कथा शिक्षण क्रम त कुनै पनि कक्षामा मिलेको पाइएन ।

एकै दिन पठनबोध, सस्वर पठन, शब्दार्थ शिक्षण .... जे-जे हो सबै शिक्षण गरेको पनि पाइयो । कागजी रूपमा पाठलाई पाठ्यांशमा विभाजन नहुनु त स्वभाविक नै हो अनुभवले पनि

काम गर्ला तर दिमागी रूपमा पनि पाठलाई पाठ्यांशमा छुट्याएर शिक्षण गर्न सक्ने क्षमताको अभाव पाइयो । यसले पनि शिक्षण विधिलाई प्रभावकारी प्रयोगमा आउन बाधा पुऱ्यायो ।

**घ) तालिमको अभाव**

सामुदायिक विद्यालयका शिक्षकहरूलाई १/२ वर्षकै अन्तरालमा पुनर्ताजगी तालिम दिइन्छ तर संस्थागत विद्यालयमा शिक्षण गर्ने शिक्षकहरूलाई सो सुविधा प्राप्त भएको पाइएन, जसले गर्दा शिक्षण सिकाइ क्रियाकलापमा आएका/ भित्रिदै रहेका अत्याधुनिक विधि प्रविधि र शिक्षण प्रक्रियाबाटै संस्थागत विद्यालयका शिक्षकहरू अनविज्ञ रहेको पाइयो । व्यक्तिगत रूपमा खोजी गरी समसामायिक शिक्षाका नयाँ पद्धति, विधि र चरणहरू अध्ययन गर्ने परिवेश हामीकहाँ त्यति नभएको हुँदा तालिमको अभावमा पनि संस्थागत विद्यालयहरूमा शिक्षण गर्ने शिक्षकहरूबाट प्रयोग गर्ने गरिएका विधिहरू प्रभावकारी हुन नसकेको देखियो ।

## ४.७.३ सामुदायिक तथा संस्थागत विद्यालयमा कथा शिक्षणका क्रममा देखिएका समस्या समाधानका निमित्त अवलम्बन गर्न सकिने उपायहरू

सामुदायिक तथा संस्थागत दुबैखाले विद्यालयमा आ-आफ्नै खाले समस्याहरू देखिए । सामुदायिकमा एक प्रकृतिका समस्या पाइए भने संस्थागतमा केही भिन्न प्रकृतिका समस्या देखिए तापनि समाधानका लागि अपनाउन सकिने उपाय एकै ठाउँमा दिन सकिने नै देखिन्छ । एक-अर्को बिचका समस्या नितान्त एक पक्षीय छैनन् । सामुदायिक विद्यालयका शिक्षकमा भएको सैद्धान्तिक ज्ञान र संस्थागत विद्यालयका शिक्षकमा भएजस्तो लगन भएको कुनै तेस्रो पक्ष हुन्थ्यो भने त्यहाँ समस्या नै हुने थिएनन् कि ! तैपनि उपयुक्त समस्या समाधानार्थ निम्न उपाय अवलम्बन गर्न सकिने देखिन्छ :

**क) शिक्षामा भित्रिएका नयाँ पद्धति र विधिका बारेमा जानकारी लिइरहन आवश्यक**

विद्यार्थीहरूको समयसीमा र शिक्षकको समय सीमाका बिच न्यूनतम २ दशकको अन्तर रहने देखिन्छ । आज सिकेका सीप २० वर्षपछि काम नलाग्ने हुन सक्छन् त्यस्तै आज हामीले ताजा सिकेका सीप पनि आजका विद्यार्थीहरूको गरि खाने उमेरमा काम नलाग्ने भएसकेका हुन सक्छन् । त्यसैले कमसे कम आज विकसित तकनिकका बारेमा नानीहरूलाई जानकार गराउनु शिक्षकको

दायित्व हो भलै उनीहरूका पालामा ती सुधार भइसकेका होलान तर आफ्ना उमेरमा सिकेका सीप र काइदालाई नै अहिलेसम्म हामी प्रयोग गर्दै आइरहेका छौ जुन विद्यार्थी माथिको अन्याय हो, यसलाई परिवर्तन गर्न जरुरी देखियो । विषयवस्तुको अद्यावधिकतामा शिक्षक सक्रिय रहन आवश्यक छ, जसले शिक्षण सिकाइ क्रियाकलापलाई उपलब्धिमूलक बनाउन सक्छ । विधि के-कस्ता छन् ? प्रक्रिया कस्तो छ, शिक्षणको ? के-कस्ता प्रविधि शिक्षणमा भित्रिए ? जस्ता प्रश्नको उत्तर शिक्षकले खोजी गरि रहनु पर्ने देखियो । यसो भए शिक्षण विधि छनोट र प्रयोगमा सुधार ल्याउन सकिन्छ ।

**ख) पूर्व तयारीसहित कक्षामा जान आवश्यक**

प्रत्येक शिक्षकले प्रत्येक दिनको तयारी सहित कक्षामा उपस्थित हुन आवश्यक छ । ज्ञानको विष्फोटनको यस घडीमा हरेक चिज/वस्तु परिवर्तनशील छन् । परिवर्तित चिजको परिभाषा र परिचय पनि परिवर्तित नै हुनुपर्छ, जसका लागि सो विषय-वस्तुका बारेमा ताजा जानकारी लिन आवश्यक छ ।

**ग) सामग्री सहितको शिक्षण आवश्यक**

शिक्षण विधिलाई प्रभावकारी रूपमा प्रयोग गर्न उपयुक्त कार्यकलाप र कार्यकलाप प्रभावकारी बनाउन शैक्षणिक सामग्री आवश्यक पर्ने हुनाले शैक्षणिक सामग्री सहित कक्षा शिक्षण गर्न अनिवार्य छ ।

**घ) शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थी सहभागितामा जोड दिनु पर्ने**

सुनेर १५% देखेर ५०% र गरेर १००% प्रतिशत सिकाइ हुन सक्छ भन्ने शिक्षाको नियमलाई मध्यनजर गरी गरेर सिक्ने परिवेश विद्यार्थीहरूलाई दिइनु पर्दछ । शिक्षक सहजकर्ताका रूपमा रही सम्पूर्ण कार्यकलाप कक्षाका छात्रछात्राहरूबाटै गराउन आवश्यक छ । यसरी कार्यकलाप गराउँदा समूहगत/व्यक्तिगत कार्यकलापमा सहभागी गराउन सकिन्छ ।

**ङ) विषयगत विभेदको धारणा हटाउनुपर्ने**

कुनै त्यस्तो विषय हुँदैन जसले व्यक्तिको विषयगत कुशलताको सम्मान नदिलाओस्, त्यसैले यो विषय कठिन यो विषय सजिलो, यो विषय व्यापक भन्ने धारणा हटाउन शिक्षक समुदाय र अभिभावक वर्ग लाग्नु पछ । एउटा डक्टरले पाएको सम्मान एउटा भाषाविद्ले पाउन सक्दैन भन्ने

छैन । नाम चलेका सीमित व्यक्तिहरूमा सबै विज्ञान, गणित र अङ्ग्रेजी पढेका मानिस मात्र छैनन् भन्ने बुझ्न र बुझाउन सक्नुपर्दछ ।

**च) विधा शिक्षणलाई भाषिक सीपसँग जोडी शिक्षण गर्न आवश्यक**

कक्षा नौ दशमा विधालाई विधागत रूपमा नभई भाषिक विकासका रूपमा लिई शिक्षण गर्नुपर्ने आवश्यकता देखियो । कथा शिक्षण गर्दा पात्र को हो ? परिवेश कस्तो छ ? कुन समाजको नेतृत्व गरेको छ ? कथा लेखनको उद्देश्य के हो ? शैलीका दृष्टिले उक्त कथाको मूल्य के हो ? भावका दृष्टिले के जस्ता प्रश्नको उत्तर खोज्नुभन्दा त्यहाँ प्रयोग भएका वाक्यहरूको गठन कस्तो छ ? कस्ता शब्द प्रयोग भएका छन् ? शब्दको बनोट कस्तो छ ? उक्त कथाले कस्तो व्यवहार सिकाउँछ ? आदि जस्ता प्रश्नको उत्तर कथाबाट खोजिनु पर्दछ ।

**छ) अभिव्यक्ति क्षमताको विकासमा जोड दिने कार्यकलाप गराउन आवश्यक**

"कक्षा नौ दशमा कक्षा शिक्षण गर्नुको मुख्य उद्देश्य नै विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सीपको विकास गर्नु" भएकाले कथाकथन, कथालेखन, कथा श्रवण आदि कार्यकलाप गराउनु आवश्यक छ । अझ सस्वर पठन, मौन पठन, मौखिक तथा लिखित प्रश्नोत्तर, बुँदाटिपोट, सङ्क्षेपीकरण, घटनाक्रम मिलान शब्दको शुद्धोच्चारण, अर्थ र प्रयोग श्रुतिलेखन जस्ता कार्यकलाप गराउने प्रक्रियामा जोड दिनुपर्दछ ।

**ज) पाठलाई क्रमगत रूपमा पाठ्यांशमा विभाजन गरी शिक्षण गर्न आवश्यक**

कुनैपनि कथा शिक्षण गर्दा कथालाई क्रमैसँग पाठ्यांशमा विभाजन गरी निश्चित घन्टीमा शिक्षण गर्ने योजना बनाउन अनिवार्य देखिन्छ । सोही योजना अनुसार पाठ्यांशको उद्देश्य किटान गरेर उद्देश्य प्राप्तिका लागि कार्यकलाप अपनाउन शिक्षकले कटिबद्ध हुनुपर्दछ ।

**झ) शिक्षण विधिको सीमामा नअड्किनु पर्ने**

एउटा कथा शिक्षण गर्दा एउटा कुशल शिक्षकले भएजति शिक्षण विधि सबै प्रयोगमा ल्याउन सक्छ । मुख्य, सहायक, गौण कुनै न कुनै भूमिकामा विधिहरू शिक्षण कार्यकलापमा आइरहेकै

हुन्छन्, त्यसैले यही विधि भनेर होइन आवश्यकतानुसार जुनसुकै (व्याख्यान, प्रश्नोत्तर/छलफल, पठनबोध, अभिनय प्रदर्शन, तुलना, समीक्षा, लेखप्रस्तुतीकरण, कथाकथन परियोजना, गृहकार्य) विधि पनि प्रयोग हुन सक्छन् भन्ने सोच राखी भाषिक सीपमा आधारित रही कथा शिक्षण गरिनु पर्दछ ।

**ञ) विशेष तालिमको व्यवस्था गरिनुपर्ने**

ज्ञान विज्ञानको विष्फोटन भइरहेको आजको युगमा समय सन्दर्भ सुहाउँदो बनाउन सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

**ट) बाल उमेर र मनोदशा बुझी शिक्षण गरिनुपर्ने**

म के चाहन्छु भन्दा पनि बालबालिका के चाहन्छन् ? त्यो बुझेर शिक्षण गर्न आवश्यक भएकाले शिक्षकले बाल मनोविज्ञान बुझ्न जरुरी देखिन्छ । शिक्षकले आफ्नो रहरमा होइन केटाकेटीका रहरमा शिक्षण गर्दा सिकाइ प्रभावकारी हुने भएकाले सोही अनुसार बाल मानसिकता बुझ्ने क्षमता शिक्षकले आर्जन गर्न सक्नुपर्ने देखिन्छ ।

**ठ) शैक्षिक परिवेश बनाउनुपर्ने**

प्रतिभा हुँदाहुँदै परिवेश अभावमा केही सामुदायिक विद्यालयमा अध्ययनरत नानीहरूको उपलब्धि न्यून देख्न पाइयो भने सोभन्दा कम प्रतिभा भएका संस्थागत विद्यालयका नानीहरूको सकारात्मक परिवेशका कारण सिकाइ उपलब्धि उच्च पनि देखियो । त्यसैले शैक्षिक परिवेश कक्षाकोठा, विद्यालय परिसर, घर परिवार र समुदायमा बनाउन सकियो भने सिकाइ उपलब्धि आशातीत बढ्ने संभावना देखिएकाले शैक्षिक परिवेश बनाउन शैक्षिक जनशक्ति लाग्नु पर्ने देखिन्छ ।

## ४.८ प्राप्ति तथा सारांश

## ४.८.१ प्राप्ति

कक्षा नौ दशमा कथा शिक्षण गर्दा व्याख्यान, प्रश्नोत्तर/छलफल, पठनबोध, अभिनय, समीक्षा, परियोजना, तुलना, लेख प्रस्तुतीकरण कथाकथन, प्रदर्शन, प्रतिवेदन प्रस्तुतीकरण जस्ता विधि प्रयोग गर्न सकिने देखियो ।

शोध कार्यका लागि छनोट भएका विद्यालयहरूमा भने व्याख्यान विधि, छलफल/प्रश्नोत्तर विधि, अभिनय विधि, प्रदर्शन विधि लेख प्रस्तुतीकरण विधि, पठनबोध विधि प्रयोग भएका पाइए ।

छनोट भएका विधिहरूको कार्यकलाप पनि समुचित पाइएन । सामग्री र योजना अभावमा विधिहरू प्रयोगका लागि प्रयोगमा देखिए । आंशिक रूपमा सामुदायिक विद्यालय विधि प्रयोगमा अनुकूल देखिए भने संस्थागत विद्यालयका हकमा उक्त विधि प्रयोगको सान्दर्भिकता देखिएन ।

शिक्षणका क्रममा प्रशस्त समस्याहरू देखिए जसलाई समस्या कथनमा सामुदायिक तथा संस्थागत विद्यालयका समस्या भनी उल्लेख गरिसकिएको छ । त्यस्तै उक्त समस्या समाधानार्थ पनि केही बुँदाहरू प्रस्तुत गरिएको छ ।

## ४.८.२ सारांश

शिक्षण एउटा जटिल विषय हो । जटिलताका वावजुद यस प्रक्रियामा केही सुधारहरू पनि आइरहेका छन् र यो जटिलता पनि सरलतामा फेरिँदै गइरहेको छ । कक्षा नौ दशमा कक्षा शिक्षण गर्दा अपनाउन सकिने र अपनाइएका गौरादह न.पा.का विद्यालयहरूको शैक्षणिक अवस्थालाई यहाँ प्रस्तुत गरियो, जसमा केही सकारात्मक पक्ष पनि देखिए भने केही सुधारात्मक पक्ष पनि देखिए । सुधारात्मक पक्षलाई सुधार गर्नका लागि पनि केही सुझावहरू पनि प्रस्तुत गरियो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

"कक्षा नौ दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन" शीर्षकमा यो शोध तयार पारिरहँदा निम्न निष्कर्षहरू पाइए :

कक्षा नौ दशमा नेपाली कथा शिक्षण गर्न यही नै विधि उपयुक्त हुन्छ भन्ने वा खास विधिको मात्र प्रयोग गर्नुपर्छ भन्ने पाइएन । सन्दर्भ सामग्री र कुशलता भए जुन विधिबाट पनि प्रभावकारी शिक्षण गर्न सकिने देखियो । कक्षा नौ दशमा शिक्षण गर्ने शिक्षकहरूद्वारा सबै विधिको प्रयोग कार्यकलापमा गरिएको पाइए पनि विधिको पहिचान गर्न भने सकेको पाइएन । प्राय शिक्षकहरूद्वारा सीमित विधिको उल्लेख गरिएको पाइयो भने कार्यकलाप पनि परम्परित शैलीकै पाइए ।

कक्षा नौ-दशमा प्रयोग गरिने शिक्षण विधि सन्दर्भ सापेक्ष र सामग्री सापेक्षमात्र प्रभावकारी हुने देखियो । शिक्षकको शिक्षण कौशल तथा विद्यार्थीको रुचि र पूर्व ज्ञानले पनि शिक्षण विधिमा प्रभाव पार्ने देखियो ।

सामुदायिक तथा संस्थागत दुवैतर्फका कक्षा कार्यकलापमा समानता पाइयो तर विद्यार्थी रुची र सहभागितामा भने भिन्नता पाइयो । सामुदायिक विद्यालयका विद्यार्थीहरूमा कथाप्रतिको रुचि केही बढी प्रतिशत पाइयो भने संस्थागत विद्यालयका विद्यार्थीहरूमा केही कम । संस्थागत विद्यालयका नानीहरूलाई कार्यकलापमा सहभागी गराइएको पाइयो भने सामुदायिक विद्यालयका नानीहरूलाई स्वेच्छिक छोडिएको पाइयो । विधि प्रयोगगत आधारमा सामुदायिक विद्यालयमा व्याख्यान पठनबोध, छलफल/प्रश्नोत्तर, कथाकथन, अभिनय जस्ता विधि प्रयोगमा देखिए भने संस्थागततर्फ व्याख्यान, छलफल/प्रश्नोत्तर पठनबोध, लेख प्रस्तुतीकरण र परियोजना विधि जस्ता विधिहरू प्रयोगमा देखिए ।

कक्षा नौ-दशमा शिक्षण गर्ने विधि छनोट र प्रयोगले मात्र समग्र विषयगत उपलब्धि मूलयाङ्कन गर्न नसके पनि विद्यार्थी उत्प्रेरित विधि प्रयोग गर्न सके सिकाइ उपलब्धि सन्तोष जनक ढङ्गले बढ्न सक्ने पाइयो ।

कक्षा नौ-दशमा विधि भन्दा परिवेशले शिक्षण सिकाइ कार्यकलापलाई बढी प्रभावित पार्न सक्ने देखियो । सिकाइ वातावरण बनाइदिन सके मात्र पनि विद्यार्थीले सिकाइ उपलब्धि हासिल गर्न सक्छ भन्ने संस्थागत विद्यालयका कक्षा अवलोकनबाट ज्ञान भयो ।

सिकाइ सहजतामा पनि हुन सक्छ । दवावमूलक सिकाइ भन्दा सहज सिकाइ टिकाउ र विश्वासयोग्य हुन्छ भन्ने निष्कर्ष सामुदायिक विद्यालयका कक्षा अवलोकनबाट निकाल्न सकियो । अबको सिकाइ शिक्षण विधिमा होइन प्रक्रिया र कार्यकलापमा निहित हुनुपर्ने रहेछ भन्ने यस अध्ययनबाट निष्कर्ष निकाल्न सकियो ।

## ५.२ सुझावहरू

“कक्षा नौ र दशमा नेपाली कथा शिक्षण गर्दा अपनाइएका शिक्षक विधिहरूको एक अध्ययन” यस शोधमा सम्बन्धित क्षेत्रको क्षेत्रगत अवलोकन र जनसम्पर्कबाट जे देखियो, त्यसलाई यहाँ भरसक जस्ताको तस्तै प्रस्तुत गरिएको छ । शिक्षण सिकाइ प्रक्रिया अन्तर्गत कथा शिक्षणमा अपनाइएका विधिमा केही सबल पक्ष पनि देखिए भने केही सुधारयोग्य पक्ष पनि पाइए । ती सुधारयोग्य पक्ष पनि सम्बन्धित क्षेत्रसँग सम्बद्ध भएका विषय शिक्षकसँग मात्र सम्बन्धित छैनन् । कति नीतिगत समस्याका रूपमा देखिएका समस्या छन् भने कति अभ्यास चरणमा देखिएका समस्या छन् । त्यस्तै यस शोधको परिसीमा भन्दा बाहिरका समस्याले पनि यस शोध शीर्षकलाई प्रभाव पारेका छन् । तसर्थ ती सम्बन्धित क्षेत्रलाई सम्बोधन हुने गरी निम्नानुसार सुझाव प्रस्तुत गरिएको छ :

### ५.२.१ नीतिगत तलका लागि सुझाव

कक्षा नौ र दशमा भाषिक सीप हासिल गराउने, शब्दभण्डार वृद्धि गर्ने प्रकृतिका कथा छनोट गरी पाठ्यपुस्तकमा समायोजना गर्न सक्नुपर्ने देखिन्छ । सामुदायिक विद्यालयमा अनुगमन र निरीक्षणको उचित मूल्याङ्कनका आधारमा दन्ड या पुरस्कारको व्यवस्था गर्न सक्नुपर्दछ । पाठ्यक्रम परिवर्तनसँगै सम्बन्धित विषय शिक्षकलाई पाठ्यक्रम प्रबोधीकरण तालिम उपलब्ध गराउन सक्नुपर्दछ । यस्ता तालिम सेमिनार आदि सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई मात्र सम्बोधन हुने गरी हुँदै आएकामा माध्यमिक शिक्षाको उत्तिकै जस्तो भार ग्रहण गरेको संस्थागत विद्यालयहरूमा कार्यरत विषय शिक्षकलाई पनि सम्बोधन हुने गरी तालिमको व्यवस्था गरिनु पर्दछ ।

सेवा प्रवेशपछि स्थायी शिक्षकलाई सेवा प्रवेश तालिमको व्यवस्था गरे झैँ सरकारकै तर्फबाट संस्थागत विद्यालयमा कार्य शुरु गरेको शिक्षकलाई पनि शिक्षण तालिमको व्यवस्था गर्न हिसान, हिस्टान इच्टु जस्ता संस्थालाई उत्तरदायी बनाउन सक्नुपर्दछ ।

तालिम अप्राप्त शिक्षकलाई तत्काल तालिमको व्यवस्था गरिनु पर्दछ । संस्थागत विद्यालयमा पनि उक्त कार्य गर्न गराउन जरुरी छ ।

"विधिलाई प्रक्रियामा कसरी लाने" भन्ने समस्याको समाधान नीतिगत रूपमा नै तयार पारी कार्यान्वयनका लागि निर्माताको ध्यान जान जरुरी छ । नयाँ पाठ्यक्रम परिवर्तनसँगै शिक्षक निर्देशिका सम्बन्धित विद्यालयमा पठाउन अनिवार्य देखियो ।

## ५.२.२ अभ्यास तहका लागि सुझाव

- उत्प्रेरणाबिना शिक्षण सम्भव नहुने भएकाले कक्षालाई उत्प्रेरित गरी शिक्षण गर्न अनिवार्य हुन्छ ।
- विधि आफैँमा पूर्ण नहुने भएकाले पूर्णता दिन शिक्षण कौशल शिक्षकसँग हुन आवश्यक छ ।
- कथाको सामाजिकता, पात्र, कथाको उद्देश्यभन्दा पनि कथामा प्रस्तुत भएका शब्द र कथा कथनमा वाक्यको गठन शब्दको अर्थ, बोध, प्रश्न, मुख्य घटना टिपोट, घटनाका आधारमा पात्र, परिवेश फेरेर कथा लेख्ने अभ्यास जस्ता कार्यकलापमा कथालाई प्रयोग गर्नुपर्ने देखिन्छ र गरिनुपर्दछ ।
- कक्षा नौ र दश सेतु कक्षा पनि भएकाले भाषिक सीप र साहित्यिक विधाको मिठास सँगसँगै मिसाएर शिक्षण गर्न परियोजना लेखप्रस्तुतीकरण, पठनबोध, प्रश्नोत्तर/छलफल विधिका माध्यमबाट कक्षा कार्यकलाप अघि बढाउन सक्नुपर्दछ ।
- पाठलाई पाठ्यांशमा विभाजन गरी पाठ्यांश शिक्षणबाट प्राप्त हुने उपलब्धि उल्लेख गरी आवश्यक शैक्षणिक सामग्रीसहित कक्षा शिक्षण गरिनुपर्दछ ।
- शिक्षक माध्यममात्र बनी विद्यार्थीलाई कार्यकलापमा सहभागी गराउनु पर्दछ र शिक्षकले विद्यार्थीलाई समस्या परेका ठाउँमा समाधान खोजिदिनु पर्दछ ।
- सहज सिकाइको नियन्त्रित वातावरण विद्यालयमा दिइनु पर्दछ । डर, धम्की र त्रासमा शिक्षण गरिनु हुन्न ।
- सामग्री र योजना सहित शिक्षण सिकाइ कार्यकलाप गर्नु गराउनु पर्दछ ।

## ५.२.३ अनुसन्धान तहका लागि सुझाव

यो शोध कार्य गौरादह न.पा. मा रहेका विद्यालयहरूमा कक्षा नौ र दशमा कथा शिक्षण गर्दा अपनाइएका विधिहरू, तिनको प्रयोग अवस्था, छनोट भएका विधिको कार्यकलापसँग सम्बन्ध विधि प्रयोगमा देखिएका समस्या र समाधानका लागि दिइएका सुझावमा सीमित छ । यस बाहेक अनगिन्ति यस्ता विषय छन्, जसको अध्ययन अनुसन्धान हुन आवश्यक छ । अनुसन्धानका लागि मैले ठानेका विषयवस्तु निम्नानुसार प्रस्तुत गरेको छु ।

- परिवेश निर्माणले शिक्षण सिकाइमा हासिल हुने उपलब्धि अध्ययन
- तालिम प्राप्त र अप्राप्त शिक्षकद्वारा कथा शिक्षण गरिदा प्रयोग गरिने कार्यकलाप अध्ययन र उपलब्धि
- कक्षा नौ र दशमा विधा शिक्षणको आवश्यकताको अध्ययन
- शिक्षणमा सामग्री प्रयोगको अवस्था अध्ययन
- संस्थागत तथा सामुदायिक विद्यालय विचको शैक्षिक उपलब्धि अध्ययन
- शिक्षण विधिको कथा शिक्षणमा प्रयोग : एक अध्ययन जस्ता शीर्षकमा थप अध्ययन गर्न आवश्यक देखिन्छ । यी सबै विषयहरू यस शोधमा कहीँ न कहीँ कतै न कतै समस्याका रूपमा उठेका छन् तर परिसीमाका कारण ती विषय र प्रसङ्गको अति चर्चा यहाँ गरिएको छैन ।

# सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५३), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, कृष्णप्रसाद र कृष्णबहादुर बस्नेत (प्रथम संस्करण २०६३), *आधुनिक नेपाली उपन्यास र कथा,* कीर्तिपुर, काठमाडौ : दीक्षान्त पुस्तक प्रकाशन ।

अंगाई, मीनामाया (२०६०), *कक्षा नौमा गद्य विधा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,* स्नातकोत्तर तह, एम.एड., नेपली शिक्षण विभाग, कीर्तिपुर ।

इटनी, रुक्मिला (२०६५), *कक्षा दशमा कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन,* स्नातकोत्तर तह, एम.एड., नेपली शिक्षण विभाग, कीर्तिपुर ।

खनिया, बुद्धराज, रामकुमार अधिकारी र विप्रहरि दहाल (दोस्रो संस्करण २०६८), *नेपाली भाषा शिक्षण,* बाग बजार, काठमाडौ : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि. ।

गिरी, कृष्णचन्द्र (२०६७), *कक्षा नौमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,* स्नातकोत्तर तह, एम.एड., नेपली शिक्षण विभाग, कीर्तिपुर ।

गौतम, सरिता (२०६४), *कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइने कार्यकलापहरूको अध्ययन,* स्नातकोत्तर तह, एम.एड., नेपली शिक्षण विभाग, कीर्तिपुर ।

ढकाल, शान्ति प्रसाद (२०६७), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गाना, तुलसीप्रसाद (२०६७), *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम,* काठमाडौं : जुपिटर प्रकाशन ।

ढुङ्गेल, प्रा. भोजराज र दुर्गाप्रसाद दाहाल (प्रथम संस्करण २०७०), *नेपाली कथा र उपन्यास,* भोटाहिटी, काठमाडौ : एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

नेपाल सरकार (२०६३), नेपाली भाषा शिक्षण, सक्षमतामा आधारित माध्यमिक शिक्षक तालिम (५ महिने-दोस्रो मोडुल) सानोठिमी, भक्तपुर, शैक्षिक जनशक्ति विकाश केन्द्र ।

नेपाल सरकार (२०७१), माध्यमिक शिक्षा पाठ्यक्रम, सानो ठिमी भक्तपुर पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, देवीदत्त (२०६०), *कक्षा ८ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,* स्नातकोत्तर तह, एम.एड., नेपली शिक्षण विभाग, कीर्तिपुर ।

बुढाथोकी, गोपाल (२०६२), *कक्षा ७ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,* स्नातकोत्तर तह, एम.एड., नेपली शिक्षण विभाग, कीर्तिपुर ।

भूषाल, निमानन्द (२०५९), *अर्घाखाँचीका मा.वि. तह नेपाली शिक्षणमा शैक्षिक सामग्री प्रयोगको वर्तमान स्थिति,* स्नातकोत्तर तह, एम.एड., नेपली शिक्षण विभाग, कीर्तिपुर ।

राई, सुमिता (२०६९), *कक्षा नौ मा कक्षा शिक्षण गर्दा प्रयुक्त विधिहरूको अध्ययन,* स्नातकोत्तर तह, एम.एड., नेपली शिक्षण विभाग, सुकुना बहुमुखी क्याम्पस, कोसीहरैचा ।

शर्मा, केदार प्रसाद र माधव प्रसाद पौडेल (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (दोस्रो संस्करण २०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* भोटाहिटी, काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

## सम्पर्कित व्यक्तिसूची

| | |
|---|---|
| सीताराम नेपाल | स्कुलचौन मा.वि., गौरादह ७ |
| थानेश्वरी गौतम | जनता मा.वि., गौरादह २ |
| लोकनाथ दाहाल | डोरामारी मा.वि., गौरादह ६ |
| विष्णुप्रसाद लुइटेल | प्रगति मा.वि., गौरादह १३ |
| केशवचन्द्र शर्मा | भद्रकाली मा.वि., गौरादह ८ |
| गोविन्द कठायत | मकालु अङ्ग्रेजी मा.वि., गौरादह ७ |
| राजकुमार कार्की | गोल्डेल सनराइज अङ्ग्रेजी मा.वि., गौरादह २ |
| दिनेश खनाल | विद्योदय शिशुसदन मा.वि., गौरादह ३ |
| विजय कार्की | माउण्ट एभरेष्ट अङ्ग्रेजी मा.वि., गौरादह २ |
| नरबहादुर अधिकारी | ज्ञानज्योति अङ्ग्रेजी मा.वि., गौरादह ३ |
| वासुदेव खनाल | सूर्योदय मा.वि. दमक ११ |
| कुमारी लिम्बू सेरेङ | जनता मा.वि., इटहरा ३ |
| कृष्णप्रसाद बराल | मदरल्याण्ड अङ्ग्रेजी मा.वि., दमक १० |
| देवीप्रसाद खनाल | राधिका मा.वि., उर्लावारी ३ |
| केशवप्रसाद पोखरेल | महेन्द्र मा.वि., इटहरा २ |

# परिशिष्ट

## शिक्षकका लागि प्रश्नावली फाराम

**शिक्षकको नाम :**........................................................ **मिति :**.................

**विद्यालयको नाम :** ...................................................... **ठेगाना :**..............

**अध्यापनगर्ने विषय :**.................................................... **पाठ :**....................

**विद्यार्थीको संख्या :**.........

---

१. कथा शिक्षण गर्दाकुन–कुनविधिको प्रयोग गर्नुहुन्छ ?

⇨ ..............................................................................................................................
.....

२. कक्षा–९माकथा शिक्षण गर्दा कुनविधिप्रयोग गरेमा शिक्षण प्रभावकारी हुन सक्छ ?

⇨ ..............................................................................................................................
.....

३. आफूले प्रयोग गरेको विधिबाट तपाईं कतिको सन्तुष्ट हुनुहुन्छ ?

⇨ ..............................................................................................................................
.....

४. कथा शिक्षण भाषिक सीपविकास वा साहित्यिक रसास्वादनकुनप्रयोजनकालागिगर्नुहुन्छ ?

⇨ ..............................................................................................................................
.....

५. कथा शिक्षण गर्दा पाठयोजना बनाउनुहुन्छ किहुन्न?

⇨ ..............................................................................................................................
.....

६. शिक्षण पश्चात् मूल्याङ्कनगर्नुहुन्छ किहुन्न?

⇨........................................................................................................................

.....

७. विद्यार्थी मूल्याङ्कनगर्दा के–कस्ताक्रियाकलापअपनाउनु हुन्छ ?

⇨........................................................................................................................

.....

८. शैक्षिक सामग्रीप्रयोग कतिको गर्नुहुन्छ ?

⇨........................................................................................................................

.....

९. कक्षा शिक्षण गर्दा व्याख्यान, प्रश्नोत्तर, पठनबोध छलफल यीचार विधिबाहेक अन्यविधिको कमप्रयोग भएको देखिन्छ, किनहोला?

⇨........................................................................................................................

.....

१०. दैनिक गृहकार्य दिदा केलाई आधार मान्नु हुन्छ ? पढाएको पाठ्यास कीअव पठाउने पाठयांस ?

⇨........................................................................................................................

.....

११. कथा शिक्षण गर्दा कस्ताकार्यकलापउपयुक्त हुन्छन् ?

⇨........................................................................................................................

.....

१२. कथा शिक्षणको उद्देश्य के हुनु पर्ला ?

⇨........................................................................................................................

.....

१३. कथाकथन र कथा लेखनमाविद्यार्थीहरु कतिको सहभागी हुन्छन् ?

⇨…………………………………………………………………………………………………………

…..

१४. कक्षा९ र १० को कथा शिक्षणबाट विद्यार्थीहरु के के कुरामा सक्षमहुन सक्छन् ?

⇨…………………………………………………………………………………………………………

…..

# कक्षा अवलोकन फारामको नमूना

विद्यालयको नाम :

शिक्षकको नाम :

अध्यापन गरेको कक्षा : अध्यापन गरेको विषय :

अध्यापन गरेको पाठ : अध्यापन गरेको पाठ्यांश :

**अवलोकनका क्षेत्रहरु :**

| | | | |
|---|---|---|---|
| शिक्षणविधि छनोट | पाठ्यांश सुहाउदो | | |
| | उत्तम | मध्यम | निम्न |
| कक्षाकार्यकलाप विधिअनुसार | | | |
| | उत्तम | मध्यम | निम्न |
| उद्देश्य छनोट | पाठ्यांशअनुसार | | |
| | उत्तम | मध्यम | निम्न |
| मूल्याङ्कन | उद्देश्यअनुसार | | |
| | उत्तम | मध्यम | निम्न |
| विद्यार्थी सहभागिता | कक्षाकार्यकलापमातथा गृहकार्यमा | | |
| | उत्तम | मध्यम | निम्न |
| शिक्षकको भूमिका | पाठ्यांशको उद्देश्यप्राप्तिमा | | |
| | उत्तम | मध्यम | निम्न |
| सामग्रीनिर्माण | पाठ्यांशअनुकूल | | |
| | उत्तम | मध्यम | निम्न |
| सामग्रीप्रदर्शन | कार्यकलापमा | | |
| | उत्तम | मध्यम | निम्न |
| उत्प्रेरणा | छात्रछात्राहरुमा | | |
| | उत्तम | मध्यम | निम्न |
| उत्सुकता | छात्रछात्राहरुको पाठप्रति | | |
| | उत्तम | मध्यम | निम्न |